कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

(मा. मन्त्रीस्तरको निर्णयबाट स्वीकृत मिति : २०८३/०७/१३)

लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र मातहतका कार्यालयहरुले सम्पादन गर्ने गरी आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि मन्त्रालय र मातहतका कार्यालयबाट उपलब्ध गराइने नगद रकम वा वस्तुगत सहायता वा दुबैलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन इच्छुक कृषक वा फर्म वा कम्पनी वा कृषक समूह वा सहकारी संघ/संस्था वा उपभोक्ता समिति लाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(ङ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका कम्पनीलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ७ मा उल्लेख भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(छ) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको दफा १४ अनुसार गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्छ।

(ज) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा १३ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(झ) "कार्ययोजना" भन्नाले दफा ७ बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यालयले स्वीकृत गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ञ) "कार्यालय" भन्नाले मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरूलाई सम्झनु पर्छ।

(ट) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ठ) कृषि सहकारी भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्य गर्ने उद्देश्य भएका सहकारी संस्थालाई सम्झनुपर्छ।

(ङ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, पशुपन्छी, मासु, दूध, अण्डा, हाड/छाला, माछा, ऊन, च्याउ, मौरी, रेशम, कफी, अलैंची, घाँसेबाली, कपास, उखु लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(च) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित समितिलाई सम्झनु पर्छ।

(ण) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(त) "पशु" भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(थ) "फर्म" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएको उद्यमीहरूको संस्थालाई सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ध) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका वा उप-महानगरपालिकालाई सम्झनु पर्छ।

(न) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संघ/ संस्थालाई सम्झनु पर्छ।

परिच्छेद -२

प्रादेशिक कृषि विकासको मार्गदर्शक सिद्धान्त, अपेक्षित उपलब्धि र प्राथमिकता क्षेत्र

३. मार्गदर्शक सिद्धान्त: कृषि विकासमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा देहायका विषयहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिने छ:-

क. रोजगारी सृजना र समावेशीकरण,
ख. सहकार्य र समन्वय,
ग. दिगोपना,
घ. कृषि प्रणालीको रुपान्तरण,
ङ. निजी तथा सरोकारवाला क्षेत्रको संलग्नता।

४. अपेक्षित उपलब्धि: देहायमा उल्लिखित अपेक्षित उपलब्धि हासिल गर्न कृषि विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ:-

क. उच्च तथा दिगो उत्पादकत्व वृद्धि,
ख. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि,
ग. कृषि व्यावसायीकरण अभिवृद्धि,
घ. कृषि पूर्वाधार तथा बजार विकास र सुधार,
ङ. संस्थागत विकास तथा सुशासन प्रवर्द्धन।
च. सहकारी प्रवर्द्धन तथा संस्थागत विकास।

५. प्राथमिकता क्षेत्र: प्रदेश कृषि विकासका देहायका प्राथमिकता क्षेत्र रहेका छन्:-

(क) नश्लसुधार तथा बीउ बिजन प्रवर्द्धन, गुणस्तरीय कृषि/पशुपन्छी/मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि,

(ख) प्रविधि विस्तार, हस्तान्तरण, सफल अवधारणा अनुशरण र प्रदर्शन,

(ग) बाली/वस्तु प्रवर्द्धन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन,

(घ) बाँझो जमिनको उपयोग, चक्लाबन्दी, भूमिको वैज्ञानिक उपयोग, माटोको उर्वराशक्ति प्रवर्द्धन र उत्पादकत्व वृद्धि,

(ङ) बाली/वस्तु स्रोत केन्द्रहरुको स्थापना, विस्तार, संचालन र सुदृढीकरण,

(च) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था, नीजि, सहकारी तथा अन्य सरोकारवालाहरू क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी प्रवर्द्धन,

(छ) कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच सम्बन्ध विस्तार तथा सेवा प्रवाहमा सुधार ।

(ज) सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी नीति, मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान।

(झ) सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र नियमन।

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

प्रदेश सचिव

महाशाखा प्रमुख

परिच्छेद ३

सरोकारवालाहरूको भूमिका र कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन

६. निकायगत तथा सरोकारवालाहरूको भूमिका: यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछः-

(क) मन्त्रालयको भूमिका: कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन, कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्ने,

(ख) निर्देशनालयको भूमिका: कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा मातहतका कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन/मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन गर्ने।

(ग) कार्यालयको भूमिका:

- कार्यालयले यस कार्यविधिको अधिनमा रही स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- जिल्लास्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन गरी माथिल्लो निकायमा प्रगति प्रतिवेदन गर्ने।

(घ) अनुदानग्राही/लाभग्राहीको भूमिका:

- अनुदानग्राही/लाभग्राहीले यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले सम्झौता/कार्ययोजना बमोजिम निर्धारित समय, लागत, गुणस्तर र परिमाणमा कार्य सम्पन्न गरी दिगो रुपमा कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने।

(ङ) स्थानीय तहको भूमिका:

- कार्यालयबाट सञ्चालित कार्यक्रमको प्रभावकारीरूपमा सञ्चालनार्थ समन्वयकारी भूमिका निर्वाह गर्ने,
- कार्यालयबाट माग भएका तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउनका लागि आवश्यक सहजीकरण गर्ने

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

महाशाखा प्रमुख

प्रदेश सचिव

७. कृषि, पशुपन्छी, सहकारी विकास कार्यक्रम सञ्चालन:(१)कृषि, पशुपन्छी, सहकारी विकास कार्यक्रम/क्रियाकलापहरू देहाय बमोजिम हुनेछन्:-

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
१.	IPNS /आई पि एम कृषक पाठशाला (कृषक सहजकर्ताद्वारा) संचालन कार्यक्रम	• आवश्यक बीउबिजन, बिरुवा, विभिन्न किसिमका बाली संरक्षण सामग्री, प्राङ्गारिक तथा अन्य मल, आवश्यक अन्य सामग्री खरिद, • क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरु; कृषि पर्यावरणीय विश्लेषण, तालिम, अवलोकन भ्रमण, कृषक दिवस लगायत।	• बाली, स्थान तथा कृषक/संस्था छनौट गरी आई.पि.एम कृषक पाठशाला/आइ.पि.एन.एस. संचालन गर्ने, • आवश्यकता अनुसार तालिम प्राप्त सहजकर्ता/कृषक सहजकर्ता, स्थानीय स्रोत व्यक्ति वा सेवानिवृत्त जनशक्ति परिचालन गर्न सकिने।	कृषि विभागको कृषि प्रसार प्राविधिक पुस्तिकमा उल्लिखित नर्मस अनुसार गर्ने ।
२.	अकवरे खुर्सानी प्रवर्द्धन कार्यक्रम	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले अकबरे खुर्सानी बालीको उत्पादन तथा प्रायमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू • बीउ बिजन, प्राङगारिक मल, बाली संरक्षण, सुक्ष्मतत्व, मल्चिङ प्लाष्टिक, बिषादी आदि।	• कृषक/फर्म/ कम्पनीको न्यूनतम ३ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने, • कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने।	• यन्त्र उपकरण/अन्य सामग्रीको हकमा ५० प्रतिशत • बीउबिजन तथा टनेल निर्माणमा ५० प्रतिशत • प्रति रोपनी रु. ६०००।—सम्म अनुदान सहयोग गर्न सकिने।
३.	अभियानमुलक बाली संरक्षण कार्यक्रम	• स्थानीय/ प्रादेशिक/ राष्ट्रिय रुपमा महत्वपूर्ण र दीर्घकालीन रुपमा समस्या देखिएका बाली, रोगकिरा तथा स्थानहरु पहिचान गर्ने,	• कार्यालयले जिल्लास्थित कार्यालयको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने, • प्राविधिक प्रतिवेदन सम्बन्धित जिल्ला र निर्देशनालयमा पठाउनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

गण्डकी
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• समस्या पहिचान तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु।		
४.	अभियानमूखी मकै उत्पादन कार्यक्रम	• बीउविजन, बिषादी, शुक्ष्मतत्त्व, • बाली कटानी, • मकै रोप्ने तथा मकै छोडाउने यन्त्र उपकरणमा सहयोग, • अभिमुखिकरण तथा क्षमता विकासका कार्यहरु।	• सम्बन्धित स्थानीय तहको समन्वयमा फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था छनोट गर्नुपर्ने, • सिचाई सुविधा उपलब्ध भएको स्थानमा कार्यक्रम संचालन गर्नुपर्ने, • उपयुक्त बालीचक्र मार्फत हिउँदे/बसन्ते सिजनमा कार्यक्रम संचालन गर्नुपर्ने, • छनोट भएको क्षेत्र कम्तिमा २.५ हे. क्षेत्रफल ओगट्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने ।	• उत्पादन सामग्रीमा र यन्त्र उपकरणमा अधिकम ५० प्रतिशत अनुदान । • प्रति हे. अधिकतम रु. पच्चीस हजार सम्म खर्च गर्न सकिने, • अभिमूखिकरण क्षमता विकास कार्यका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत सम्म खर्च गर्न सकिने।
५.	आकस्मिक बाली संरक्षण सेवा	• कार्यालयले स्प्रेयर, जैविक तथा गैर रासायनिक बिषादी, रासायनिक बिषादी, एप्रोन, ग्लोब्स, चश्मा आदि रोग कीरा नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी प्रकोप व्यवस्थापन गर्ने,	• कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रूपमा बाली तथा बिरुवामा शत्रुजीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।

२०८३/०६/१३

२०८३/०६/१३

महाशाखा प्रमुख

२०८३/०६/१३

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
६.	आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन खर्च	• समूहगठन /परिचालन • आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन मार्फत प्राङ्गारिक प्रमाणिकरणका लागि आई.सि.एस/पि.जि.एस. समिती र स्वीकृती समिति गठन तथा परिचालन • समितिको बैठक सञ्चालन • अभिमुखीकरण (कृषक समुह/सहकारी) • कृषक अभिलेखिकरणका लागी छपाई तथा वितरण (कृषक व्यक्तिगत विवरण, कृषक दैनिकी डायरी प्रकाशन तथा सचेतना मुलक प्रकाशन आदी) • कृषक सचेतनाका लागि सुचना सम्प्रेक्षण, संचालित कार्यक्रमहरुको डकुमेन्ट्री तयारी • कार्यालय/ स्थानीय तहमा कार्यरत प्राविधिक, तालिम प्राप्त आन्तरिक निरिक्षण सहजकर्ता परिचालन	• कार्यालयले स्थानीय तहसँग समन्वय गरी व्यावसायिक रुपमा प्राङ्गारिक उत्पादन हुने बालीवस्तुको क्षेत्रफल र उत्पादन परिमाणको आधारमा उपयुक्त बालीहरु र क्षेत्र छनोट गरी कार्यक्रम सञ्चालन गर्ने • आवश्यकता अनुसार आन्तरिक निरिक्षकको रुपमा कार्यरत प्राविधिक तथा तालिम प्राप्त सहजकर्ता परिचालन गर्न सकिने • आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन मार्फत आई.सि.एस/पि.जि.एस. समिति र स्वीकृती समिति गठन गर्दा स्थान र भूगोल अनुसार एक स्थानमा एक वा एक भन्दा बढी समिति गठन गर्न सकिने। • समूह/सहकारीमा आवद्ध भएका र संलग्न कृषकहरुको व्यक्तिगत विवरण अभिलेखिकरण गर्ने। • कार्यक्रम सञ्चालन विधि, मापदण्ड तथा आवश्यक अनुसूचीहरु निर्देशनालयले स्वीकृत गरे बमोजिम हुनेछ।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। • आन्तरिक निरिक्षण सहजकर्ता परिचालन गर्नु पर्ने अवस्थामा जिल्ला दररेट अनुसार दक्ष कामदार सरहको पारिश्रमिक र यातायात खर्च दिन सकिने छ। • कार्यरत प्राविधिकलाई परिचालन गर्नु परेमा नियमानुसारको दै.भ.भ तथा यातायात खर्च दिन सकिने छ ।

2023/06/193

गण्डकी
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

2023/06/192

2023/06/193

2023/06/192

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
७.	उत्कृष्ट कार्यालय र कर्मचारी मूल्याङ्कन तथा पुरस्कार	• पुरस्कार, प्रमाण पत्र लगायतका सामग्री • मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई पुरस्कृत गर्ने	• पुरस्कारको मापदण्ड र विधि सम्बन्धित निर्देशनालयले निर्धारण गरे बमोजिम हुने। • स्थानीयतहमा कार्यरत कर्मचारीहरुलाई समेत पुरस्कृत गर्न सकिने ।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
८.	उत्पादित कृषि उपज प्रमाणीकरण खर्च	• समितिका पदाधिकारी तथा प्राङ्गारिक निरिक्षकबाट फिल्ड निरिक्षण । • आई.सि.एस/पि.जि.एस. प्रमाणिकरण समितिको बैठक सञ्चालन । • कृषक अभिलेखीकरण अध्ययन । • प्रमाण पत्र तयारी तथा वितरण ।	• जिल्लास्तरका सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी पि.जि.एस व्यवस्थापन समिति र स्वीकृती समिति निर्माण गरी आई.सि.एस/पि.जि.एस. प्रमाणिकरण गर्ने। • प्राङ्गारिक उत्पादित कृषि उपजहरुको पि.जि.एस प्रमाणिकरणका लागि कार्यालयले समितिका पदाधिकारी तथा निरिक्षक मार्फत प्राङ्गारिक उत्पादित क्षेत्रमा निरिक्षणको व्यवस्था मिलाउने। • समितिले प्राङ्गारिक प्रमाणिकरण गर्दा निरीक्षक र प्रमाणीकरण समितिले अवलोकन तथा अभिलेखिकरण गरिएका विवरणहरुको आधारमा प्रमाणिकरण गर्ने व्यवस्था मिलाउनु पर्ने।	• समितिका पदाधिकारी तथा निरिक्षकबाट निरिक्षण, प्रमाणपत्र तयारी र प्रमाणपत्र जारी गर्नको लागि कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
९.	एकीकृत कृषि/सिंचाइ विकास	• बीउ विजन, बेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन	• सिचाइ कार्यालयबाट निर्माण भएका सिचाइ आयोजना क्षेत्रमा कार्यालयले	• कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति हेक्टर अधिकतम रु. तीस

२०८२/०६/१२

२०८२/०६/१२

२०८२/०६/१३

२०८२/०६/१२

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	कार्यक्रम	सामग्रीहरूमा सहयोग • बाली कटानी, कृषि प्रविधि प्रर्दशन, • यन्त्र उपकरणहरु • अभिमूखीकरण/क्षमता विकासका कार्यहरु • माटो परीक्षण/शिविर/पाठशाला	फर्म/कम्पनी/जल उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा उपयुक्त बाली चक्र मार्फत कार्यक्रम सञ्चालन गर्ने, • छनौट भएको क्षेत्रमा कम्तीमा २ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • कार्यक्रम सञ्चालनबाट हालको बाली सघनता वृद्धि गर्ने गरी उपयुक्त बालीहरू छनोट गरी कार्यक्रम सञ्चालन गर्ने।	हजारसम्म खर्च गर्न सकिने, गण्डी • अभिमूखिकरण क्षमता विकास/ माटोकार्ड परीक्षण/शिविर/पाठशाला कार्यका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत सम्म खर्च गर्न सकिने।
१०.	ओ.जे.टी परिचालन	• आवश्यकता अनुसार कार्यालयले कार्यालय परिसर वा कार्यक्षेत्रमा रहेका विभिन्न कृषक, कृषक समूह/ कृषि सहकारी/फर्ममा तथ्याङ्क सङ्कलन, बाली कटानी लगायत गर्न सक्ने।	• कृषि तथा पशु विज्ञान सम्बन्धी प्राविधिक शिक्षालय/विद्यालय/क्याम्पस/विश्वविद्यालयको पत्र सहित कार्यगत तालिमका लागि आएको विद्यार्थी हुनुपर्ने, • भुक्तानीका लागि निजको हाजिरी तथा सुपरिवेक्षकको समन्वयमा तयार गरेको प्रतिवेदन पेश गर्नुपर्ने।	• कार्यालयको काममा खटाएको दिन खाजाका लागि प्रति दिन अधिकतम रु. २००/- र फिल्ड खटाए बापत आतेजाते भाडा उपलब्ध गराउन सकिने।
११.	कृषि यान्त्रिकरण कार्यक्रम	• सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद,	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत्त कार्यक्रम सञ्चालन गर्नुपर्ने, • कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र	• कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान (प्रति अनुदानग्राही अधिकतम रू. एक लाख र समूह/ सहकारीको हकमा अधिकतम पाँच लाख)।

२०८३।०६।१३

२०८३।०६।१३
महाशाखा प्रमुख

२०८३।०६।१३
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
			उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने।	
१२.	कार्यालय परिसरमा प्रविधि प्रदर्शन कार्यक्रम/नमूना कृषि प्रविधि प्रदर्शन कार्यक्रम	• कार्यालयले कार्यालय परिसरमा बालीवस्तु र प्रविधिको छनोट गरी प्रदर्शन सञ्चालन गर्ने, • नमुना कृषि प्रविधि प्रदर्शन कार्यक्रमको हकमा कृषकको खेतबारीमा सम्भाव्य बालीवस्तु र प्रविधिको छनोट गरी प्रदर्शन सञ्चालन गर्ने,	• प्रविधि प्रदर्शन सम्बन्धी जानकारीमूलक सूचना राख्नुपर्ने, • कार्यालयले प्रविधिको उद्देश्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • कार्यालयले प्राविधिक प्रतिवेदन तथा अभिलेखीकरण गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
१३.	कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम	• स्वदेशी/स्थानीय उत्पादनको सङ्कलन, प्याकेजिङ, ग्रेडिङ र बजारीकरण सामग्रीमा सहयोग • बजार सूचनासँग सम्बन्धित क्रियाकलापहरु (बजार मूल्य डिस्प्ले/सूचना प्रवाह, बजार तथ्याङ्क व्यवस्थापन)।	• कृषि फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी/बजार समिति सहभागि हुन सक्ने। • व्यावसायिक रुपमा स्थानीय स्तरमा कृषि उपज उत्पादन गरी वा स्वदेशी/स्थानीय उत्पादन सङ्कलन, ग्रेडिङ तथा प्राथमिक प्रशोधन गरिरहेका कृषि फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी/बजार समितिले आवेदन दिन सक्ने।	• प्रति अनुदानग्राही अधिकतम रू. एक लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
१४.	कृषि उपजहरूको थोक र	• निर्देशनालयले तोकेको मापदण्ड र	• निर्देशनालयले तोकेको मापदण्ड र ढाँचा	• कार्यालयले लागत अनुमान स्वीकृत

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

महाशाखा प्रमुख

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	खुद्रा पाक्षिक मूल्य संकलन	ढाँचामा बजारको मूल्य संकलन सम्बन्धी कार्य कार्यालयले सञ्चालन गर्ने।	अनुसार संकलन गरी पाक्षिक रूपमा निर्देशनालयमा प्रतिवेदन गर्ने, • पाक्षिक मूल्य वेवसाइटमा सार्वजनिक गर्नुपर्ने।	गरी कार्यक्रम सञ्चालन गर्ने • मूल्य संकलन गरेको खाजा खर्च वापत प्रति पटक बढीमा रु. ३००।- सम्म खर्च गर्न सकिने।
१५.	कृषि फर्ममा आधुनिक सिंचाई सहयोग कार्यक्रम (प्रविधि प्रदर्शनको रुपमा)	• थोपा सिंचाइ, स्प्रिङ्कलर सिंचाइ, मिस्ट, फोगर आदि जडान तथा सोसँग सम्बन्धित उपकरण सामग्री खरिद।	• फर्म/कम्पनी सहभागी हुन सक्ने, • न्यूनतम ५ कठ्ठामा खेती गरेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान ।
१६.	कृषि फार्ममा प्राविधिक सेवा	• प्राविधिक परामर्श सेवा, • वस्तुगत सहयोग (बीउ, बिषादी, प्लाष्टिक, सुक्ष्म तत्व, स्प्रेयर, मल्चिङ प्लाष्टिक, प्रुनिङ्ग स, बडिङ्ग नाइफ, सिकेचर, सिंचाइ सामग्री लगायतका अन्य आवश्यक सामग्री) • प्रतिवेदन तयारी।	• कार्यालयले आवश्यक देखेको वा समस्याको जानकारी पाएको अवस्थामा व्यावसायिक कृषक/उद्यमी/फर्मको अनुगमन गर्न सक्ने, • अनुगमन टोली अन्तर्गत कृषि तर्फका विषयगत विज्ञ, प्राविधिक, सहयोगी कर्मचारी रहन सक्ने, • कार्यालयले कार्यक्रमको कार्य सम्पन्न पश्चात एकीकृत प्रतिवेदन निर्देशनालय/मन्त्रालयमा पेश गर्नुपर्ने।	• विनियोजित बजेटको कम्तीमा ८० प्रतिशत आवश्यकता अनुसार वस्तुगत सेवा र अधिकतम २० प्रतिशत व्यवस्थापन कार्यमा खर्च गर्न सकिने।
१७.	कृषि मेला/महोत्सव प्रर्दशनीमा स्टल सहित सहभागिता/ मेला, दिवस,	• राष्ट्रिय/अन्तर्राष्ट्रिय दिवस/सप्ताह सञ्चालन तथा सहभागी • दिवससंग सम्बन्धित सामाग्री	• मेला/दिवस/महोत्सव/ प्रदर्शनी/फेस्टीवल/ विज्ञ सम्मेलन सरोकारवालाको समन्वयमा सञ्चालन गर्ने,	• सम्बन्धित कार्यालय आफै आयोजक वा सह-आयोजक भएको हकमा कार्यालयले लागत अनुमान स्वीकृत

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रदेश सचिव

महाशाखा प्रमुख

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	सप्ताह, महोत्सव संचालन तथा सहभागी/दिवस/सप्ताह सञ्चालन	खरिद तथा वितरण • मेला/दिवस/महोत्सव/प्रदर्शनी/फेस्टीवल/विज्ञ सम्मेलन सहभागीका लागि सवारी साधन इन्धन, सजावटका सामग्री, प्रचार प्रसार, छपाई, तुल ब्यानर, पोष्टर, प्रदर्शनको लागि सान्दर्भिक स्टल निर्माण, • व्यवस्थापन, पुरस्कार र सम्मान, अन्तरक्रिया गोष्ठी क्रियाकलाप सञ्चालन गर्न सकिने।	• कार्यक्रममा प्रचार प्रसारको लागि चेतनामूलक पोष्टर, पम्पलेट, ब्रोसर छपाई, स्टल सजावट र व्यवस्थापन गर्न सकिने।	गरी कार्यक्रम सञ्चालन गर्ने र आफै आयोजक नभएको हकमा प्रति कार्यक्रम अधिकतम रु. ५० हजारसम्म खर्च गर्न सकिने।
१८.	कृषि सहकारी मार्फत जैविक मल उद्योग पूर्वाधार निर्माण	• सहकारी मार्फत जैविक/प्राङ्गारिक मल उत्पादनसँग सम्बन्धित उद्योग पूर्वाधार निर्माण।	• जैविक/प्राङ्गारिक मल उद्योग पूर्वाधार निर्माणका लागि व्यावसायिक योजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने, • निर्माण कार्यका लागि कृषि सहकारीको आफ्नै स्वामित्वमा जग्गा रहेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही ५० प्रतिशत अनुदान सहयोग ।
१९.	क्षेत्रफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (तिल्की/निम्खाथारो/कालानमक/जर्डन/झिनुवा) (सिम्ठारो)(हँसराज	• तोकिएको बाली उत्पादन गर्ने कृषक/ कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारीको सूची तयार गर्ने, • तोकिएको बाली लगाइरहेको	• कृषक/ कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने, • कम्तिमा तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी क्षेत्रफलमा तोकिएको बाली एकल	• विनियोजित बजेटको परिधिभित्र रही तराईमा प्रति कठ्ठा रु एक हजार र पहाडमा प्रति रोपनी रु एक हजार पाँच सयका दरले प्रोत्साहन अनुदान सहयोग दिन सकिने।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३/०८/१२

२०८३/०६/१२
महाशाखा प्रमुख

२०८३/०६/१२
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	धान/स्थानीय रैथाने आलु/सिलाम)	क्षेत्रफल यकिन गर्नका लागि अनुगमन गर्ने।	रुपमा लगाएको हुनुपर्ने, • जग्गाधनी स्वयंले नागरिकता, जग्गाधनी पूर्जाको प्रतिलिपि सहित आवेदन दिनुपर्ने, • कार्यालयले तोकिएको बाली लगाइरहेको क्षेत्रफल एकिन गर्नुपर्ने।	
२०.	घुम्ती बाली उपचार शिविर/घुम्ती शिविर	• शिविर सञ्चालन हुने बेहोराको सूचना स्थानीय तह मार्फत सम्बन्धित कृषकहरूमा प्रवाह गराउने साथै वेबसाइट मार्फत पनि सूचित गर्न सकिने, • रोगकिराको नमूना जाँच र समस्या पहिचान तथा समाधानका विधि सिफारिस गर्ने, • बाली उपचार शिविरमा आवश्यक/उपयुक्त जैविक तथा वानस्पतिक विषादी, विभिन्न पासोहरु, विषादी प्रयोग गर्दा आवश्यक पर्ने सुरक्षित पहिरन लगायतका सामग्री खरिद गर्न सकिने, • कार्यक्रमको अभिलेखीकरण गरी	• शिविर कम्तीमा १ दिन सञ्चालन गर्नुपर्ने, • शिविर सञ्चालन गरिने स्थानको छनोट कार्यालयले प्राविधिक सम्भाव्यता र आवश्यकताका आधारमा गर्ने, • शिविर सञ्चालन कार्यालयले आफै गर्ने वा बाली संरक्षण प्रयोगशाला वा अन्य निकाय वा विज्ञको समन्वयमा गर्न सक्ने, • बाली उपचार शिविरमा १ पटकमा कम्तीमा १५ जना कृषकहरूलाई सहभागी गराउने।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		सो को प्रतिवेदन निर्देशनालयमा पठाउने।		
२१.	जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा प्रवर्द्धन	• जैविक तथा वानस्पतिक विषादी उत्पादन गर्न आवश्यक सामग्री खरिद गर्ने • प्रदर्शन • प्रतिवेदन तयारी।	• कार्यालयले कृषक समुह वा सहकारी संगको सहकार्यमा विषादी उत्पादन तथा प्रदर्शन कार्य सञ्चालन गर्नुपर्ने। • उत्पादित जैविक तथा वानास्पतिक विषादी प्रदर्शन गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने
२२.	तरकारीको हाइब्रिड बीउ उत्पादन प्रदर्शनमा सहयोग	• तरकारीको हाइब्रिड बीउ उत्पादन तथा प्रविधि सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने	• हाइब्रिड बीउ उत्पादन गर्न अनुमति प्राप्त वा अनुमति प्राप्त संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
२३.	तुलसीपुर बजार क्षेत्र, तुलसीपुर कुमलगढी र दंगीशरण चखौरामा सडक तरकारी व्यवस्थापनका लागि बजार क्षेत्रमा पोटेबल टेन्ट वितरण	• तोकिएको स्थानको बजार क्षेत्रमा पोर्टेबल टेन्ट वितरण	• स्थानीय तह तथा कृषि हाट बजारसँगको समन्वयमा तोकिएको स्थानको बजार क्षेत्र पहिचान गर्नुपर्ने, • पहिचान भएको बजार क्षेत्रमा रहेका कृषि हाट बजारमा संलग्न कृषक/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने, • कृषि उपजको बजारीकरण प्रयोजनका लागि पोर्टेबल टेन्टको प्रयोग हुनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
२४.	धान उत्पादन प्रवर्द्धन कार्यक्रम	• बीउ तथा अन्य उत्पादन सामाग्री सहयोग,	• सम्बन्धित स्थानीय तहको समन्वयमा कृषक/ फर्म/कम्पनी/कृषक समूह/कृषि	• उत्पादन सामाग्री, प्रशोधन, बजारीकरण सामग्री, यन्त्र उपकरणमा अधिकतम

२०८३/०६/१३
महाशाखा प्रमुख

२०८३/०६/१३
प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• क्षमता अभिवृद्धि, • बाली संरक्षण र प्राविधिक सेवा • प्रशोधन, प्याकेजिङ तथा बजारीकरण सामग्रीमा सहयोग।	सहकारी छनोट गर्नुपर्ने, • क्लस्टर एप्रोचमा क्षेत्रफल विस्तार गर्नुपर्ने। • कम्तिमा १ हे. क्लस्टरमा हुनुपर्ने।	५० प्रतिशत अनुदान।
२५.	नार्कसंगको सहकार्यमा Farmers field day	• नार्कबाट विकसित प्रविधि र नार्कद्वारा सञ्चालित गतिविधिहरुको सन्दर्भमा अगुवा कृषकहरु सम्मिलित स्थलगत अवलोकलन कार्यक्रम सञ्चालन गर्ने।	• कृषक भ्रमणको नर्मस पालना गर्ने ।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
२६.	नार्क/विश्वविद्यालय/स्थानीय तहसँगको सहकार्यमा कृषि प्रविधि प्रदर्शन स्थापना तथा सञ्चालन	• छनोट भएको स्थलमा आवश्यक सामग्रीहरू र प्रविधि सहित कार्यालयले सिजन अनुसारको विभिन्न बाली तथा प्रविधिहरुको प्रदर्शन गरिने, • बीउ, उत्पादन सामग्री, साना यन्त्र उपकरण, स्थलगत अभिमूखीकरण, तालिम, कृषक दिवस, शिविर आदि सञ्चालन गर्न सकिने, • सम्बन्धित स्थानीय तह र आवश्यकता अनुसार बाली विशेष	• सम्भाव्यता अध्ययन तथा स्थल छनोट नार्कसँगको सहकार्यमा गर्नुपर्ने, • नार्कको बाह्य अनुसन्धान स्थलको मोडेलमा कार्यक्रम सञ्चालन गर्न सकिने।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३/०६/१३

२०८३/०६/१३

२०८३/०६/१३
महाशाखा प्रमुख

२०८३/०६/१३
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		अन्य सरोकारवाला निकायहरुलाई समेत समन्वय गर्न सकिने, • कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित सामग्री कृषकलाई आवश्यकता अनुसार हस्तान्तरण गर्न सकिने, • प्रविधि प्रदर्शन सञ्चालन गरिएको क्रियाकलापहरूको अभिलेखीकरण तथा प्रतिवेदन।		
२७.	नार्कद्वारा विकसित नयाँ जातका बीउ मार्फत प्रविधि विस्तार कार्यक्रम	• आवश्यक सामग्रीहरूमा बीउ, मल, सुक्ष्मतत्त्व तथा बिषादी, जानकारी मूलक ब्यानर सहित कार्यालयले तोकिएको बालीको विभिन्न जातको प्याकेजमा उत्पादन प्रर्दशन सञ्चालन गर्ने, • सञ्चालित कार्यक्रमको अभिलेख तथा प्रतिवेदन तयारी।	• प्राविधिक सम्भाव्यताको आधारमा बाली र स्थानको छनोट गरी कृषकको फिल्डमा प्रदर्शन गर्नुपर्ने, • नार्कद्वारा विकसित वा विकासोन्मुख जातलाई छनौट गर्नुपर्ने, • कृषकहरूको सहज पहुँच तथा अवलोकन गर्न सकिने स्थानलाई प्राथमिकता दिने, • तराइको हकमा प्रति प्रदर्शन कम्तिमा २ कट्ठा र पहाडको हकमा कम्तिमा १ रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन हुनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
२८.	नार्कसँगको समन्वयमा धानको हाइब्रिड बीउ	• कार्यालयले उपयुक्त स्थल छनोट गरी नार्कसँगको समन्वयमा	• नार्कसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।

२०८३।०६।१३
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३।०६।१३

२०८३।०६।१३
महाशाखा प्रमुख

२०८३।०६।१३
प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	अध्ययन, अनुसन्धान तथा उत्पादन प्रदर्शन	कार्यक्रम सञ्चालन गर्ने, • जिल्लामा धानको हाइब्रिड बीउ उत्पादनको सम्बन्धमा नार्कसँगको सहकार्यमा सरोकारवालाहरुसँग अन्तरक्रिया र सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने, • अनुसन्धान केन्द्र वा कृषकस्तरमा हाइब्रिड धानको अनुसन्धान/प्रदर्शन सञ्चालन गर्ने, • विकसित हाइब्रिड धानको समुदायस्तरमा प्रदर्शन गर्ने।		
२९.	प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम / पकेट क्षेत्र विशेष स्वस्थ कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम	• प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने, • क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार, प्रदर्शनी • भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, प्रदर्शन, जैविक विषादी, पासोहरु आदी उपलब्ध गराउने।	• कार्यालयले उपयुक्त स्थान छनोट गर्ने, • कृषक/फर्म/कृषक समूह/ कृषि सहकारी/समिति/सञ्जालको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुपर्ने ।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने

२०८३/०६/१२
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३/०६/१२

२०८३/०६/१३
महाशाखा प्रमुख

२०८३/०६/१३
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
३०.	पर्यटकीय/धार्मिक/ सार्वजनिक स्थलमा फलफूल विरुवा रोपण	• विभिन्न फलफूल विरुवा खरिद, ढुवानी, रेखाङ्कन, खाडल निर्माण, रोपण, मलखाद व्यवस्थापन आदि कार्यहरु।	• पर्यटकीय/धार्मिक/सार्वजनिक स्थल कार्यालयले पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • एकिन भएको स्थानमा सम्भाव्य फलफूल विरुवा रोपण गर्नुपर्ने	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
३१.	पि.वि.एस बीउ आलु वितरण	• कार्यालयबाट बीउ खरिद तथा वितरण	• बीउ उत्पादन कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने, • बीउ उत्पादन र बिक्री अनुमति प्राप्त संस्था वा त्यस्तो संस्थासँग आवद्ध भएको हुनुपर्ने ।	• बीउमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
३२.	बगर खेती प्रवर्द्धन कार्यक्रम	• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले छनोट भएको बालीको उत्पादन तथा बजारीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने ।	• कृषक/फर्म/कम्पनीको न्यूनतम ३ कट्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने, • कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १५ कट्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने।	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग। • प्रति कट्ठा अधिकतम रु. १५०० सम्म अनुदान सहयोग ।
३३.	बगैंचा सुदृढीकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रम	• बगैंचाको सुदृढीकरण तथा प्रविधि हस्तान्तरणका लागि तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने: • आवश्यक औजार/उपकरण खरिद	• कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, • एकै किसिमको फलफूल कम्तीमा २५ बोट भएको बगैंचा र कफिको हकमा ५० बोट भएको बगैंचा भएको हुनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति बगैंचा अधिकतम रू. पच्चीस हजार खर्च गर्न सक्ने । • स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरणमा प्रति कार्यक्रम

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८२/०६/१२

२०८२/०६/१२

२०८३/०६/१३

२०८२/०६/१२
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		तथा प्रयोग प्रदर्शन • थोपा सिचाइ/स्प्रिङ्कलर सिंचाइ/मल्चिङ्ग/hail net लगायतका प्रविधि प्रदर्शन • पासो, मोहिनी पासो र ल्यूर,विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद, • स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण, • बगैचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका क्रियाकलापहरु।		अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सकिने।
३४.	बसन्ते बाली प्रबर्द्धन कार्यक्रम	• बीउ विजन, वेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग , • बाली कटानी, कृषि प्रविधि प्रर्दशन, • यन्त्र उपकरणहरू, • अभिमूखीकरण/क्षमता विकासका कार्यहरु।	• कार्यालयले उपयुक्त स्थानमा फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा बसन्ते बाली (चैते धान, बसन्ते मकै, तरकारी, मुङ्ग, सूर्यमूखी) छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • छनौट भएको क्षेत्रमा कम्तीमा २.५ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने।	• उत्पादन, प्रशोधन तथा बजारीकरण सामाग्री एंव यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान • अभिमूखीकरण/क्षमता विकासका कार्यका लागि विनियोजित बजेटको बढीमा ५ प्रतिशतसम्म लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
३५.	बाली वस्तु विशेष सघन	• बीउ/बिरुवा, hail net लगायत	• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि	• कार्यालयले लागत अनुमान स्वीकृत

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
महाशाखा प्रमुख
प्रदेश सचिव

<table>
<tr><th>क.सं.</th><th>कार्यक्रमको नाम</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्चको सीमा</th></tr>
<tr><td></td><td>व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम</td><td>अन्य उत्पादन सामग्रीमा सहयोग,
• क्षमता अभिवृद्धि,
• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा,
• प्रशोधन तथा बजारीकरण सहजीकरण,
• फलफूल बालीको हकमा खाडल तयारी,
• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण।</td><td>सहकारी सहभागी हुन सक्ने,
• देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने।
<table>
<tr><th>क्र. सं.</th><th>बाली/जिल्ला</th><th>न्यूनतम क्षेत्रफल (हे.)/क्लस्टर</th><th>अधिकत अनुदान प्रति हे रु.</th></tr>
<tr><td>१</td><td>स्वदेशी मसिना धान</td><td>१० हे</td><td>९ हजार</td></tr>
<tr><td>२</td><td>मकै</td><td>५ हे</td><td>20हजार</td></tr>
<tr><td>३</td><td>तोरी</td><td>५ हे</td><td>८ हजार 5 सय</td></tr>
<tr><td>४</td><td>मसुरो</td><td>५ हे</td><td>१५हजार</td></tr>
<tr><td>५</td><td>तरकारी</td><td>पहाडमा १हे र तराईमा २ हे</td><td>50 हजार</td></tr>
<tr><td>६</td><td>बर्षे आलु/आलु</td><td>पहाडमा १ र तराइमा २ हे</td><td>२५हजार</td></tr>
</table></td><td>गरी कार्यक्रम सञ्चालन गर्ने,
• उत्पादन सामाग्रीको हकमा ७५ % र उत्पादन, प्रशोधन र बजारीकरणमा प्रयोग हुने यन्त्र उपकरणको हकमा ५०% अनुदान ।
• तरकारी बालीमा प्लास्टिक टनेलको प्रति वर्ग मिटर रू. २७५।- का दरले खर्च गर्न सकिने, फलफूल बालीको हकमा प्रति खाडल (कम्तीमा ३•३•३ घन फुट) का लागि रू. २००।- का दरले खर्च गर्न सकिने र
• फलफूल बाहेक अन्य बालीको हकमा प्रति हेक्टर अधिकतम रू. पाँच हजारका दरले आवश्यकता अनुसार अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिने,
• कार्यालयले सञ्चालन गर्ने क्षमता अभिवृद्धि तथा अन्य प्राविधिक सेवाका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत रकम खर्च गर्न सकिने।</td></tr>
</table>

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८२।०६।१२

२०८२।०६।१२

२०८२।०६।१२

२०८२।०६।१२
प्रदेश सचिव

महाशाखा प्रमुख

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
			७ सुन्तलाजात फलफूल १ हे ८०हजार ८ स्याउ १ हे ४ लाख • बाली नतोकिएको जिल्लाको हकमा कार्यालयले जिल्लाको सम्भावनाका आधारमा माथि उल्लेखित मध्येको बाली छनौट गरी मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ। • कार्यालयले प्राविधिक टोली गठन गरी स्थलगत अवलोकन तथा परामर्श गरी कार्यक्रम स्थल छनोट गर्ने (क्षेत्र छनौटका लागि सूचना आह्वान गर्नुपर्ने छैन)। • स्याउको हकमा न्यूनतम क्लष्टर क्षेत्र पुग्ने गरी अनुदानग्राही स्वयंले बिरुवा खरिद गरी क्षेत्र विस्तार गर्ने भएमा खाडल, मलखाद, सुक्ष्मतत्व, बाली संरक्षण सेवा, सिंचाइ व्यवस्थापन लगायतका कार्यमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।	
३६.	बाली संरक्षण सेवा	कार्यालयले स्प्रेयर, बिषादी, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप	• कार्यालयले नियमित रूपमा रोगकिराका कारण समस्याग्रत क्षेत्रमा वा व्यावसायिक	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी समस्या निदान तथा व्यवस्थापन गर्ने।	कृषकको बाली तथा बिरुवामा देखा परेका समस्या निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने।	
३७.	बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार शुल्कमा सहयोग कार्यक्रम	• शीत भण्डारण शुल्क सहयोग, • बीउ ढुवानी, • बोरा खरिद/छपाई।	• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषिसहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने, • बोरा छपाईको हकमा आर्थिक वर्ष उल्लेख गर्नुपर्ने। माग अनुसार शीत भण्डार शुल्कमा मात्र समेत सहयोग गर्न सकिने, • कृषक/फर्म/कम्पनी/कृषकसमूह/कृषि सहकारीले बीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने वा जानकारी दिनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही बढीमा ५० प्रतिशत अनुदान सहयोग।
३८.	बीउ उत्पादन प्रवर्द्धन सहयोग कार्यक्रम/बीउ आत्मनिर्भर कार्यक्रम	• उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, सुक्ष्म तत्व खरिद, • प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद, भण्डारण सामाग्री तथा	• कार्यालयले बीउ उत्पादक संस्था (फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी) र स्थल पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • बीउ बिजन उत्पादन तथा कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने।	• मूल/प्रजनन बीउ र सामग्रीको हकमा तपसिलमा उल्लिखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ। • आलु (पि वि एस प्रति १०० दाना) बाट बीउ उत्पादनमा रू. २५००/- • तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु.

२०८३/०६/१२

महाशाखा प्रमुख

२०८३/०६/१२

प्रदेश सचिव

<table>
<tr><th>क.सं.</th><th>कार्यक्रमको नाम</th><th>सञ्चालन गर्न सकिने क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्चको सीमा</th></tr>
<tr><td></td><td></td><td>बजारीकरणमा सहयोग।</td><td>• दलहन/तेलहनबालीको बीउ उत्पादनलाई प्राथमिकता दिइने।
<table>
<tr><th>बीज वृद्धि</th><th>तराई (कट्ठा)</th><th>पहाड (रोपनी)</th></tr>
<tr><td>तरकारी बीउ</td><td>७.५</td><td>५</td></tr>
<tr><td>लसुन तथा प्याज बीउ</td><td>१०</td><td>५</td></tr>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>१५०</td><td>६० (हिमाली जिल्लाको हकमा ३०)</td></tr>
<tr><td>दलहन/तेलहन बीउ</td><td>२०</td><td>१०</td></tr>
<tr><td>आलु बीउ पि.वि.एस.</td><td>५०० दाना</td><td>५०० दाना</td></tr>
<tr><td>आलु बीउ (अन्य स्तर)</td><td>२०</td><td>१०</td></tr>
</table></td><td>५०००/-
• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु.१५००/- अनुदान दिइने।</td></tr>
<tr><td>३९.</td><td>भर्मिकम्पोष्ट उत्पादन प्रदर्शन कार्यक्रम</td><td>• गड्यौला खरिद,
• भर्मिबेड तयारी तथा खरिद,
• हजारी, स्प्रेयर तथा अन्य सामग्री खरिद,
• सूचना बोर्ड।</td><td>• कार्यालयले उपयुक्त स्थान तथा कृषक छनोट गरी प्रदर्शन कार्यक्रम सञ्चालन गर्नुपर्ने,
• आफ्नै पशुपालन भएका कृषकहरुलाई प्राथमिकता दिई छनोट गर्न सकिने।</td><td>• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।</td></tr>
</table>

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८२।०६।१२

२०८२।०६।१२

२३
२०८२।०६।१२

२०८२।०६।१२

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
४०.	महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग	• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद।	• फर्म/कम्पनी/कृषकसमूह/कृषि सहकारीसहभागी हुन सक्ने, • मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
४१.	मागमा आधारित कृषि विकास कार्यक्रम	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले माग गरेका बालीवस्तुको उत्पादन/ प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु, • उत्पादन/प्रशोधन/बजारीकरण सँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामग्री।	• कार्यालयले प्रस्तावकसँग कार्ययोजना सहितको प्रस्ताव मागको सूचना आवहान गर्नुपर्ने, • कार्यालयले प्राप्त प्रस्तावलाई निर्धारित सूचकका आधारमा मूल्याङ्कन गरी आयोजना छनोट गर्नुपर्ने।	• प्रति आयोजना अधिकतम रु. १ लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान।
४२.	माटो स्वास्थ्य व्यवस्थापन कार्यक्रम	• कार्यालयले आवश्यकता अनुसार देहाय बमोजिम मध्येका क्रियाकलापहरू सञ्चालन गर्न सक्ने: १. माटो परीक्षण, २. प्रचारप्रसार तथा अभिमुखीकरण, ३. प्राङ्गारिक मल उत्पादन, परीक्षण तथा प्रदर्शन, ४. माटो व्यवस्थापन सम्बन्धी	कार्यालयले कृषक/फर्म/कृषक समूह/कृषि सहकारी मार्फत देहाय बमोजिमका कार्यक्रमहरूमध्ये आवश्यकता तथा सम्भाव्यताका आधारमा छनोट गरी सञ्चालन गर्न सकिने, १. हरियो मल (ढैंचा आदि)/Bio-fertilizer प्रयोग प्रदर्शन: कम्तीमा १ रोपनी जग्गामा प्रर्दशन गर्नुपर्ने, २. भकारो/गोठे मल/कम्पोष्ट मल सुधार: मूत्र	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने • क्षमता अभिवृद्धिमा अधिकतम १० प्रतिशत खर्च गर्न सकिने, • स्थलगत तालिममा प्रति तालिम अधिकतम रू. २० हजारसम्म खर्च गर्न सकिने, • माटो नमुना संकलन कार्यमा खटिएका प्राविधिकहरुलाई पहाडी र तराई

२०८३।०६।१३

२०८३।०६।१३

महाशाखा प्रमुख

२०८३।०६।१३

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		क्षमता अभिवृद्धि ५. भकारो/गोठेमल/कम्पोष्ट मल सुधार, ६. बोकासी/भर्मि कम्पोष्ट उत्पादनमा सहयोग, ७. माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामग्री वितरण, ८. हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग, ९. माटोमा सन्तुलित खाद्य तत्व व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरू, १०. माटो नमुना संकलनमा आवश्यक उपकरण जस्तै GPS, Auger, खुर्पी र प्लाष्टिक व्यागहरु खरिद गर्न सकिने • चालु तथा विगतका वर्षहरुमा माटो परीक्षण गरी सुधारका कार्यक्रम नभएको अवस्थामा माटो परीक्षण प्रतिवेदनका	संकलन टंकी निर्माण, मलखादमा छानो व्यवस्थापन गरी गोठेमल/कम्पोष्ट मल उत्पादनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने, ३. भर्मी कम्पोष्ट उत्पादनः प्राविधिकको ईस्टिमेट अनुसार भर्मी वेड वा भर्मी व्यागमा मल उत्पादन गरेको हुनुपर्ने। उत्पादन लागत कम गर्न उपलब्ध भएसम्म स्थानीय श्रोत साधनको प्रयोग गर्ने, • कार्यालयले माटो तथा मल परीक्षण प्रयोगशाला, स्थानीय तह वा अन्य निकायबाट प्रेषित माटो परीक्षण नतिजा प्रतिवेदनका आधारमा माटो सुधारका क्रियाकलापहरु सञ्चालन गर्न सक्ने।	क्षेत्रमा प्रति नमुना क्रमश :रु. १५० र रु. १०० का दरले पारिश्रमिक दिन सकिने।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रा

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		आधारमा अनिवार्य रुपमा माटो सुधारका क्रियाकलापहरु सञ्चालनगर्ने, • कार्यक्रमकोउपलब्धि/नतिजा विश्लेषण गरी निर्देशनालयमा प्रतिवेदन गर्ने।		
४३.	मौरी प्रवर्द्धन कार्यक्रम	• मह मदानी, सुपर सहितको मौरी घार, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद • उन्नत/कृत्रिम रानु खरिदप्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद।	• फर्म/कम्पनी/कृषकसमूह/कृषि सहकारीमार्फत कार्यक्रम सञ्चालन गरिने, • मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने।	• अधिकतम रु. एक लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
४४.	मौरी स्रोत केन्द्र स्थापनामा सहयोग	• उन्नत रानु खरिद, रानु उत्पादन, नस्ल सुधार संग सम्बन्धित क्रियाकलापहरु • क्षमता विकास सम्बन्धी क्रियाकलापहरु। • विज्ञ परिचालन	• मौरी सम्बन्धी सरकारी स्रोत केन्द्रसँगको प्राविधिक सहजीकरणमा स्रोत केन्द्र स्थापनाको मापदण्ड कार्यालयले तय गर्नुपर्ने। • कार्यालयले स्रोत केन्द्र स्थापना उपयुक्त स्थान र मौरी पालन गरिरहेको कृषि फर्म/कृषक समुह/कृषि सहकारी मार्फत	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने

२०८३/०६/१३
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३/०६/१३

२०८३/०६/१३
महाशाखा प्रमुख

२०८३/०६/१३
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
			सञ्चालन गर्ने ।	
४५.	युवा लक्षित कृषि उत्पादन/उद्यमशीलता कार्यक्रम	• प्रस्ताव आवहानको सूचना • संक्षिप्त सूची प्रकाशन • प्रस्तुतीकरण • मूल्याङ्कन तथा छनोट • कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना।	• १८ वर्षदेखि ३५ वर्षका युवा सहभागी हुन सक्ने, • कृषि मूल्य श्रृंखला विकास/नवप्रवर्तन योजना/कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने, • कार्यालयले गठित प्राविधिक समिति मार्फत प्राप्त प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव छनोट गर्नुपर्ने।	प्रति अनुदानग्राही रु. १ लाख नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
४६.	रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम	• खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका बाली तथा वस्तुको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)।	• उत्पादन/संकलन/प्रशोधन/ बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, • उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सकिने।	• उत्पादन सामग्रीको हकमा ७५ प्रतिशत र उत्पादन, प्रशोधन तथा बजारीकरण यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान । • प्रति अनुदानग्राही रु. ५० हजार नबढ्ने गरी कार्यक्रम सञ्चालन गर्ने।
४७.	लक्षित वर्ग विशेष आय	• बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी	• कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा	• कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३।०६।१९३

महाशाखा प्रमुख

२०८३।०६।१९३

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	आर्जन कार्यक्रम (कृषि तर्फ)	क्रियाकलापमा सहयोग, • साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि), • तालिम तथा सचेतना।	क्रियाकलाप पहिचान गर्नुपर्ने, • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्त कमैया/कम्लहरी/ भूमिहीन/मुसहर/चिडीमार/पासी/मंगता/नटुवा/गडरिया/बादी/बोटे/माझी/किङरिया/ कुचबन्धिया/खुना/कुमाल/सोनहा/ दलित/राजी/चमार/डोम/ महिला/ जनजाती/ मधेसी समुदाय/ शहिद तथा बेपत्ता परिवार/ घाइते तथा अपाङ्ग परिवार लगायत सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने, • लक्षित समुदायमा कम्तीमा १५ घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।	• प्रति परिवार अधिकतम रु. १० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ।
४८.	लक्षित वर्ग विशेष उन्नत किट वितरण कार्यक्रम	• बीउ खरिद तथा वितरण।	• महिला, दलित, जनजाती, मधेसी, शहिद तथा बेपत्ता परिवार, घाइते तथा अपाङ्ग परिवार लगायत आदी सामाजिक र आर्थिक रुपले पिछडिएको समुदायलाई प्राथमिकता दिनुपर्ने, • खाद्यान्न/दलहन/तेलहन/तरकारी/च्याउको किट वितरण गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। • प्रति बीउ किट अधिकतम रू. ५०० सय सम्म खर्च गर्न सकिनेछ।
४९.	लेबलिङ, प्याकेजिङ्ग तथा	• लेबल, स्टिकर तयारी तथा	• प्रमाणिकरण गर्ने निकाय र उत्पादक	• यन्त्र उपकरणको हकमा ५० प्रतिशत

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	बजारीकरण खर्च	वितरण • औजार उपकरण खरिद (ग्रेडर्स लगायत अन्य उपकरण) • प्याकेजिङ्ग सामग्री खरिद तथा वितरण (जुट तथा जालीदार बोरा,कार्टुन, सिसाको बट्टा)।	संस्थाको समन्वयमा लोगो तथा स्टिकर तयार गर्नुपर्ने। • स्थानीय तहको समन्वयमा स्थानीय स्तरमा कृषिजन्य उपजको खरिद विक्रि गर्ने संचालक संस्था/सहकारी बजार मार्फत बजारिकरण गर्न सकिने ।	अनुदान । • अन्य क्रियाकलापको हकमा कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
५०.	बाली कटानी कार्यक्रम	• छनोट गरिएको नमूना क्षेत्रमा बाली कटानी गर्ने, • बाली कटानी भएको नमूना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने र कार्यालयमा अभिलेख राखी सोको प्रतिलिपी निर्देशनालयमा पठाउने।	• सिजन अनुसार बालीहरू कटानी गरी उत्पादकत्व मापन गर्ने, • सिंचित र असिंचित उत्पादन क्षेत्रहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्न क्षेत्रहरू एकिन गर्ने, • छनोट गरिएका क्षेत्र मध्ये (५ फिट*५ फिट) एउटा नमूना हुने गरी बाली कटानी गर्ने, • प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन तथ्याङ्क लिने, • एक बाली कटानीमा पाँच नमूना हुनुपर्ने, • फलफूल बालीका हकमा निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुने।	• क्षतिपूर्ति र ज्याला खर्च बापत प्रति बाली कटानी रू. पाँच सयसम्म खर्च गर्न सकिने।

२०८३।०६।१३ मन्त्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रा

२०८३।०६।१३

२०८३।०६।१३ महाशाखा प्रमुख

२०८३।०६।१३ प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
५१.	बाली रोग कीरा सर्भे, सर्भिलेन्स	• बालीनालीमा देखापर्ने प्रमुख रोग, कीरा, झारपात, परजीवी कीराहरू आदिको बस्तुस्थिति विवरण प्रतिवेदन तयार गरी प्रकोपको पूर्वानुमान गर्न कृषि बालीबस्तुको उत्पादन क्षेत्रमा गई कार्यक्रम संचालन गर्ने, • संकलित विवरणका आधारमा रोग, कीरा, झारपात, परजीवी कीराहरुको प्रभाव नक्सा तयार गरी सोको प्रसार गर्ने, • क्रियाकलाप संचालन पश्चात निर्देशनालयमा प्रतिवेदन पेश गर्ने।	• कृषि बालीबस्तुको उत्पादन क्षेत्रमा देखापर्ने रोग, कीरा, झारपात, परजीवी कीराहरुको विवरण कार्यालयले निश्चित फर्मेट/ढाँचा बनाई संकलन तथा प्रशोधन गर्ने।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
५२.	बाली संरक्षण सेवा	• कार्यालयले स्प्रेयर, विषादी, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी समस्या निदान तथा व्यवस्थापन गर्ने।	• कार्यालयले नियमित रूपमा रोगकिराका कारण समस्याग्रत क्षेत्रमा वा व्यावसायिक कृषकको बाली तथा बिरुवामा देखा परेका समस्या निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
५३.	विगतमा सञ्चालित कार्यक्रमको Follow-up कार्यक्रम	• प्रदेश स्थापना भए पश्चात सञ्चालित कार्यक्रमको सूची तयार, • उपलब्धि मापनयोग्य सूचक	• तयार गरिएको सूचीका आधारमा नमूना छनोट गरी कार्यक्रमको फ्लोअप गर्ने • अनुगमनको मापन योग्य सूचक निर्देशनालयले तयार गरे बमोजिम हुने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।

२०८३/०६/१३
महाशाखा प्रमुख

२०८३/०६/१३
प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		निर्धारण • प्रतिवेदन तयार।		
५४.	विभिन्न बालीका जातका उत्पादन प्रदर्शन	• आवश्यक सामग्रीहरूमा बीउ, मल, सुक्ष्मतत्त्व तथा जैविक विषादी, जानकारी मूलक ब्यानर सहित कार्यालयले तोकिएको बालीको विभिन्न जातको प्याकेजमा उत्पादन प्रर्दशन सञ्चालन गर्ने, • सञ्चालित उत्पादन प्रदर्शन अन्तर्गत बालीको जातीय विशेषताहरुको अभिलेख तयार गरी प्रचार प्रसार गर्ने।	• प्राविधिक सम्भाव्यताको आधारमा बालीको जात र स्थान छनोट गरी कृषकको फिल्डमा प्रदर्शन गर्नुपर्ने, • कृषि अनुसन्धान परिषदले सिफारिस गरेको तथा अन्य अध्ययनबाट प्रमाणित भएको तर कृषक समुदायस्तरमा नपुगेको बालीका जातलाई प्राथमिकता दिने, • कृषकहरूको सहज पहुँच तथा अवलोकन गर्न सकिने स्थानलाई प्राथमिकता दिने, • तराइको हकमा प्रति प्रदर्शन कम्तिमा ५ कट्ठा र पहाडको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन हुनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति बाली प्रति प्रदर्शन अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सक्ने।
८. प्रस्ताव माग: (१) कार्यालयले दफा ७ मा व्यवस्था भए बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा स्वीकृत बजेट/ कार्यक्रमको अधिनमा रहि कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने भनि उल्लेख भएका कार्यक्रमहरुको हकमा सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने र लाभग्राही मार्फत सञ्चालन गरिने कार्यक्रमहरूको हकमा प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सूचना प्रवाह गर्दा सम्बन्धित सरोकारवाला र लक्षित समुदायको पहुँचमा सुनिश्चतता गर्नको लागि जिल्लास्थित सबै स्थानीयतहहरुलाई जानकारी गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्नुपर्ने भएमा अनुसूची २२ अनुसारको कम्तीमा १५ दिनको सूचना कार्यालयको वेबसाइट/पत्रिका/सामाजिक सञ्जाल/स्थानीय एफ.एम.बाट प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(४) भौतिक पूर्वाधारको हकमा प्रस्ताव पेश गर्दाका बखत प्रचलित दररेट सहितको लागत अनुमान पेश गर्नु पर्नेछ।

९. प्रस्ताव पेश: दफा ८ (१) बमोजिमका सूचना अनुसार दफा ७ मा उल्लिखित कार्यक्रमहरूमा आवेदकले कार्यालयमा अनुसूची-२३ बमोजिमको निवेदनको ढाँचा र कृषि तर्फ अनुसूची-२४ बमोजिमको कार्ययोजनाको ढाँचा, पशुपन्छी तर्फ अनुसूची-२५ र सहकारी तर्फ अनुसूची-२६ बमोजिमको कार्ययोजनाको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

१०. प्रस्ताव मूल्याङ्कन र सिफारिस: (१) कार्यालयमा प्राप्त प्रस्तावमा संलग्न कागजातहरूको अध्ययन एव मूल्याङ्कन गरी प्रारम्भिक छनोट गरिनेछ।

(२) प्रारम्भिक छनोट भएका प्रस्तावहरूको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले स्थलगत प्रमाणीकरण सहित अनुसूची-२७ बमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकता क्रम तयार गरी दफा १४ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति समक्ष स्वीकृतीका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएका प्रस्तावहरु उचित लागेमा पेश भए बमोजिम छनोट स्वीकृत गर्ने। सिफारिस भई आएका कुनै प्रस्ताव उपर पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा कार्यदललाई पुनर्मूल्याङ्कनका लागि फिर्ता पठाउन सक्नेछ।कार्यक्रम कार्यान्वयन समितिबाट स्वीकृत भएका प्रस्तावहरुको प्राथमिकता क्रम कायम गरी वैकल्पिक प्रस्तावहरु समेत समावेश सूची तयार गर्नुपर्नेछ।

११. सम्झौता प्रक्रिया: (१) छनोट भएका आवेदकलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौताका लागि आह्वान गरिएका आवदेकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवश्यक संशोधन सहित अनुसूची-२९ बमोजिम ढाँचामा सम्झौता गरी अनुसूची-३० बमोजिमको स्व:घोषणा पत्रमा हस्ताक्षर गराएर सम्बन्धित आवेदकलाई कार्यादेश दिनुपर्नेछ।

(३) छनोट भएका आवेदक तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले तयार गरेको प्राथमिकता क्रमका आधारमा वैकल्पिक आवेदकसँग सम्झौता गर्न सक्नेछ।

(४) छनोट भएका आवेदक संग सम्बन्धित स्थानीय तहको सिफारिस माग गर्नुपर्नेछ ।

(५) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा पुनः सूचना गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

परिच्छेद-४

समिति सम्बन्धी व्यवस्था

१२. निर्देशक समिति: (१) कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन तथा सहजीकरणका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

(क)	मन्त्री	मन्त्रालय	अध्यक्ष
(ख)	प्रतिनिधि	प्रदेश योजना आयोगको सदस्य (कृषि क्षेत्र हेर्ने)	सदस्य
(ग)	सचिव	मन्त्रालय	सदस्य
(घ)	प्रमुख	कृषि विकास निर्देशनालय	सदस्य
(ङ)	प्रमुख	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	सदस्य
(च)	प्रमुख	योजना तथा अनुगमन महाशाखा	सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र कुनै विज्ञ वा पदाधिकारी तथा मन्त्रालयको महाशाखा प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या समाधानका नीतिगत रुपमा सहजीकरण गर्ने, बाधा अड्काउ फुकाउने

ख) कार्यक्रमको अनुगमन गरी सहजीकरण तथा पृष्ठपोषण गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई आवश्यक निर्देशन दिने।

१३. कार्यक्रम व्यवस्थापन समिति: (१) मन्त्रालय स्तरमा सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :-

(क)	सचिव	मन्त्रालय	अध्यक्ष
(ख)	प्रमुख	सबै महाशाखा, मन्त्रालय	सदस्य
(ग)	प्रमुख/प्रतिनिधि	कोष तथा लेखा हेर्ने कार्यालय	सदस्य
(घ)	प्रमुख	आर्थिक प्रशासन शाखा	सदस्य
(ङ)	अधिकृत	कानून अधिकृत	सदस्य
(च)	प्रमुख	योजना तथा जनशक्ति शाखा	सदस्य
(छ)	प्रमुख	कार्यक्रमसँग सम्बन्धित शाखा	सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) कार्यक्रमको नियमित अनुगमन गरी निर्देशक समिति समक्ष पेश गर्ने र सार्वजनिक गर्ने,

(ग) कार्यालयलाई कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक सहजीकरण, पृष्ठपोषण र निर्देशन दिने।

१४. कार्यक्रम कार्यान्वयन समिति: (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

(क) कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/सहकारी दर्ता अधिकारीको कार्यालय/सहकारी प्रशिक्षालयमा रहने समिति:

(क)	प्रमुख	सम्बन्धित निर्देशनालय/कार्यालय/प्रशिक्षालय	संयोजक

(ख)	प्रमुख/प्रतिनिधि	कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा	सदस्य
(ग)	प्रमुख	आर्थिक प्रशासन शाखा	सदस्य
(घ)	प्रतिनिधि	कोष तथा लेखा हेर्ने कार्यालय	सदस्य
(ङ)	प्रमुख/तोकिएको कर्मचारी	योजना शाखा वा प्रमूखले तोकेको शाखा	सदस्य सचिव

(ख) जिल्लास्थित कार्यालयमा रहने समितिः

(क)	प्रमुख	सम्बन्धित कार्यालय	संयोजक
(ख)	प्रमुख/प्रतिनिधि	कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा	सदस्य
(ग)	प्रमुख	आर्थिक प्रशासन शाखा	सदस्य
(घ)	प्रतिनिधि	कोष तथा लेखा हेर्ने कार्यालय	सदस्य
(ङ)	कर्मचारी प्रतिनिधि	जिल्ला समन्वय समितिको कार्यालय	सदस्य
(च)	प्रमुख/तोकिएको कर्मचारी	योजना शाखा वा प्रमूखले तोकेको शाखा	सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन भई सिफारिस भएका प्रस्तावहरू स्वीकृत गर्ने,

(ख) सञ्चालित कार्यक्रमको अनुगमन गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालासँग समन्वय गर्ने र पृष्ठपोषण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै द्विविधा आई परेमा समाधानका लागि समाधानको उपायको प्रस्ताव राखि सम्बन्धित निर्देशनालय/मन्त्रालयमा पेश गर्ने।

२०८३।०६।१२

२०८३।०६।१२

२०८३।०६।१२

महाशाखा प्रमुख

प्रदेश सचिव

भुक्तानी प्रक्रिया तथा लेखा परीक्षण

१५. भुक्तानी प्रक्रिया: १) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(२) अनुदानग्राहीले स्वीकृत कार्ययोजना बमोजिम नियमानुसार खरिद सम्बन्धी कार्य सञ्चालन गर्नुपर्नेछ।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल बिल भरपाई र कार्य प्रगति विवरण समेत संलग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नेछ। पूर्वाधार निर्माण जस्ता पूँजीगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टा गर्न सकिनेछ।

(५) रकम भुक्तानी गर्दा कामको वित्तीय तथा भौतिक प्रगति विवरण सहितको प्रतिवेदन, सम्बन्धित प्राविधिकको निरीक्षण प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, कार्यालयमा पेश भएका बील भरपाई, सार्वजनिक सुनुवाईको अभिलेखको प्रतिलिपी, कार्यक्रम सञ्चालन सम्बन्धी तस्वीर लगायतका कागजातहरु पेश भए पश्चात विनियोजित बजेटको परिधिभित्र रही कार्यालयले नियमानुसार भुक्तानी गर्नुपर्नेछ।

(६) एक लाख भन्दा बढी लगानी भएका कार्यक्रमको हकमा आयोजना विवरण सहितको होर्डिङ्ग बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ।

(७) अनुदानग्राहीको आफ्नो घरमा उपलब्ध भई प्रयोग गरेको सामग्री र पारिवारिक श्रमको हकमा अनुदान रकम उपलब्ध गराइने छैन।

(८) विदेशबाट बीउ बिजन/बिरुवा/नश्ल/बीर्य/भ्रुण आयात गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित विज्ञहरू सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१६. लेखा तथा लेखापरीक्षण: (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

२०८३।०६।१३

महाशाखा प्रमुख

२०८३।०६।१३

प्रदेश सचिव

परिच्छेद-६

विविध

१७. अनुगमन तथा मुल्याङ्कन: (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा मन्त्रालय/निर्देशनालय/सम्बन्धित कार्यालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ। (२) सञ्चालित कार्यक्रमहरुको प्राविधिकले अनुगमन गरी प्रतिवेदन पेश गर्ने/ गराउने (३) सञ्चालित कार्यक्रमहरुको नियमित तथा त्रैमासिक रुपमा अनुगमन गर्ने/ गराउने र कार्यक्रमहरुको उद्देश्य अनुरुप कार्यक्रम भए नभएको प्राविधिक प्रतिवेदन पेश गर्ने/ गराउने ।

१८. जवाफदेहीता तथा जिम्मेवारी: (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवं उपलब्धि लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

१९. अन्य: कार्यक्रमहरूको सञ्चालन: (१) जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रूपमा सञ्चालन गर्नु पर्नेछ।

(२) सञ्चालन गरिने तालिम, गोष्ठी, समन्वय बैठक, मेला दिवस जस्ता कार्यक्रमको पृष्ठपोषण सहितको प्रतिवेदन एक तह माथिको कार्यालयमा पठाउनु पर्नेछ।

(३) पशुपन्छीको जातीय र नश्ल सुधारको लागि प्रयोग गरिने उच्च नश्लको बीउका लागि निजी क्षेत्रमा प्रयोग गरिएका विभिन्न प्रजनन स्रोत केन्द्रहरू (गाई, भैंसी, बाख्रा, भेडा, बङ्गुर, माछा र पन्छीहरू) ले सम्बन्धित विषयको प्रजनन विज्ञबाट प्रजनन योजना बनाई सम्बन्धित कार्यालयको सिफारिसमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा अभिलेखीकरण गर्नुपर्नेछ।

(४) स्थायी संरचना निर्माण गर्दा एकरूपता कायम गर्न र लागत प्रभावकारी बनाउन लागत अनुमान अनुसार निर्माण गर्नु पर्नेछ।

(५) अनुदानग्राही/लाभग्राहीले अनुदानबाट स्थापना गरिएका संरचनाको मर्मत सम्भार लगायत सञ्चालन कार्यका लागि स्वयम् अनुदानग्राही/लाभग्राही जवाफदेही हुनेछ।

(६) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा आर्थिक तथा वित्तिय अनुशासन सम्बन्धी प्रचलित कानूनहरु: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश वित्त व्यवस्थापन ऐन र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको समेत पालना गर्नुपर्नेछ।

२०. सेवा सुविधाबाट वञ्चित गर्न सकिने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोके बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउनेछ।

२१. संशोधन: मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

२२. बाधा अड्काउ फुकाउ: यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

२३. खारेजी र बचाउ: (१) कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ खारेज गरिएको छ।

२०८३/०६/१३

२०८३/०६/१३

२०८३/०६/१३

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

प्रदेश सचिव

अनुसूची-१

(दफा ७ उपदफा १ (७५ र ८६) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र खोरेत रोग मुक्त जिल्ला अभियान

लुम्बिनी प्रदेश सरकार

..... मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

..... कार्यालय.....

खोरेत रोग उन्मूलन अभियान कार्यक्रम

खोरेत खोप वितरण आ.व.

स्थानीय तह.....स्थानीय तह कोड ...जिल्ला.....जिल्ला कोड...भ्याक्सिनेसन अवधि.....देखी.....सम्म

क्र. स.	कृषकको नाम र थर	ठेगाना	भएको पशु संख्या					खोप गरीएको पशु संख्या					कैफियत
		वडा नं.	गाइ जाति	भैंसी जाति	बाख्रा जाति	बङ्गुर जाति	जम्मा	गाइ जाति	भैंसी जाति	बाख्रा जाति	बङ्गुर जाति	जम्मा	
टोली प्रमुखको नामः													
दस्तखतः								भ्याक्सिनेटरको नाम					दस्तखत
भ्याक्सिनेसन गरेको व्याहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने स्थानीय तह/वडाको प्रतिनिधिकोः													
नामः													
पदः													
दस्तखतः													

नोटः- ६ महिनाभन्दा कम उमेरका गाई र भैंसी जातिहरूलाई भ्याक्सिनेशन गर्नु पर्दैन।

-६ हप्ता भन्दा कम उमेरका बङ्गुर जातिहरूलाई भ्याक्सिनेसन गर्नु पर्दैन।

-पशुहरूको भ्याक्सिनेशन गरेतापनि प्रति फार्ममा भएका पशुहरूको संख्या उल्लेख गर्ने।

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

प्रदेश सचिव

सङ्घीय प्रमुख

अनुसूची-२

(दफा ७ उपदफा १ (७५ र ८६) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र खोरेत रोग मुक्त जिल्ला अभियान

लुम्बिनी प्रदेश सरकार

..... मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

.....कार्यालय

खोरेत खोपको सारांश विवरण आ.ब. २० /२०

स्थानीय तह.....स्थानीय तह कोड ...जिल्ला.....जिल्ला कोड...

भ्याक्सिनेसन अवधि.....देखि.....सम्म

क्र स	ठेगाना	भएको पशु संख्या					खोप गरीएको पशु संख्या					कैफियत
	वडा नं.	गाइ जाति	भैंसी जाति	बाख्रा जाति	बङ्गुर जाति	जम्मा	गाइ जाति	भैंसी जाति	बाख्रा जाति	बङ्गुर जाति	जम्मा	

भ्याक्सिनेटरको नाम	दस्तखत

नोटः- ६ महिनाभन्दा कम उमेरका गाई र भैंसी जातिहरूलाई भ्याक्सिनेशन गर्नु पर्दैन।

-६ हप्ता भन्दा कम उमेरका बङ्गुर जातिहरूलाई भ्याक्सिनेसन गर्नु पर्दैन।

-पशुहरूको भ्याक्सिनेशन नगरेतापनि प्रति फार्ममा भएका पशुहरूको संख्या उल्लेख गर्ने।

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

प्रदेश सचिव

महाशाखा प्रमुख

अनुसूची-३

(दफा ७ उपदफा १ (७५ र ८६) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र खोरेत रोगमुक्त जिल्ला अभियान

किसान /कृषि फार्म नाम (*) ..... किसान-परिचय पत्र नं. .....

सम्पर्क व्यक्तिको मोबाइल नं. (*) ..... सम्पर्क व्यक्तिको ..... ईमेल आईडी .....

सम्पर्क व्यक्तिको ठेगाना (*) जिल्ला:..... गा.पा./न.पा–..... वार्ड नं. ..... टोल .....

फार्मको ठेगाना (*) जिल्ला:..... गा.पा./न.पा–..... वार्ड नं. ..... टोल .....

आर्थिक वर्ष: ..... सर्वेक्षण मिति: .....

अर्को खोप: छ महिना पछि ..... बाह्र महिना पछि .....

पशु को सूची [नोट: यदि त्यहाँ कुनै पशुको ट्याग नम्बर छैन भने शून्य (Zero) [0] राख्नुहोस्]

(१) गाई: ..... कुल संख्या	(२) साँढे: ..... कुल संख्या	(३) बाच्छा: ..... कुल संख्या	(४) बाच्छी: ..... कुल संख्या
(५) भैंसी: ..... कुल संख्या	(६) राँगो: ..... कुल संख्या	(७) पाडा: ..... कुल संख्या	(८) पाडी: ..... कुल संख्या
(९) बाख्रा: ..... कुल संख्या	(१०) खसी/बोका: ..... कुल संख्या	(११) भेडी: ..... कुल संख्या	(१२):दुमा/खसी ..... कुल संख्या
(१३) नुनी:..... कुल संख्या	(१४)वीर/खसी.: ..... कुल संख्या	(१५) अन्य..... कुल संख्या	(१६) .....: ..... कुल संख्या

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

महाशाखा प्रमुख

क.सं	माथिको सूचीबाट पशु को नम्बर लेख्ने	स्थानीय जातको पशु				उन्नत जात/जातको पशु			
		ट्याग नम्बर	उमेर (वर्ष)	खोप लगाएको	खोप नभएको	ट्याग नम्बर	उमेर	खोप लगाएको	खोप नभएको
१	(१) गाई	*****		☑	☐				
२	(५)								
३									
४									
५									

एंटीबॉडी जाँच को लागि पशुको रगत नमूना लिएको ट्याग नम्बर

.....

कार्यालयको नाम (*) ..... भ्याक्सिनेटरको नाम,थर (*) .....

भ्याक्सिनेटरको मोबाइल न. ..... हस्ताक्षर: .....

.....

.....

किसानको लागि यो पर्ची

आर्थिक वर्ष:..... सर्वेक्षण मितिः..... अर्को खोपः छ महिना पछि .....बाह्र महिना पछि .....

पशुको विवरण	कुल सख्या	खोप लगाएको	खोप नलगाएको	पशुको विवरण	कुल	खोप लगाएको	खोप नलगाएको	कैफियत
गाई				बाख्रा				
साँढे				खसी/बोका				
बाच्छा				भेडी				
बाच्छी				धुमा/खसी				
भैसी				भूनी				
राँगो				बीर				
पाडा				.....				
पाडी				.....				

एंटीबॉडी जाँच को लागि पशुको रगत नमूना लिएको ट्याग नम्बर

.....

२०८२।०६।१९२
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कार्यालयको नाम (*) ..... डिजिटल कोड नम्बर:

किसान /कृषि फार्म नाम (*) ..... सम्पर्क व्यक्तिको मोबाइल न. (*) .....

फार्मको ठेगाना (*) जिल्ला:..... गा.पा./न.पा–..... वार्ड नं. .....
टोल .....

भ्याक्सिनेटरको नाम,थर (*) ..... भ्याक्सिनेटरको मोबाइल न. (*):
.....

हस्ताक्षर: ..... कैफियत:

२०८२।०६।१९२

२०८३।०६।१३

महाशाखा प्रमुख

२०८२।०६।१९२

प्रदेश सचिव

अनुसूची-४

(दफा ७ उपदफा १ (७३ र ७४) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र पशुपन्छीजन्य संक्रामक र महामरीजन्य रोग नियन्त्रण अभियान

NSP ELISA को लागि नमुना पठाउदा भर्नु पर्ने विवरण

- रगत संकलन गरीएको क्षेत्र
  - जिल्ला कोड
  - महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका /गाउँपालिका कोड
  - वडा नं .
  - स्थानको नाम
- रगतको नमूना लिइएको फार्म तथा धनिको विवरण
  - नाम
  - ठेगाना
  - सम्पर्क नम्बर
- फार्म तथा घरमा रहेका जम्मा पशुको विवरण
  - संख्या
  - जात
  - उमेर
- रगत लिइएको जनावरको विवरण
  - जनावरको जात
  - उमेर
  - लिंग
- उत्पादन प्रयोजन
  - दूध
  - मासु
  - श्रम(गोरु)
- उत्पादन अवस्था
  - दूध दिने
  - थारो
  - गर्भवती

२०८३/०६/१३

महाशाखा प्रमुख

२०८३/०६/१३

प्रदेश सचिव

अनुसूची-५

(दफा ७ उपदफा १ (७३ र ७५) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र पशुपन्छीजन्य संक्रामक र महामरीजन्य रोग नियन्त्रण अभियान

Clinical Examination and Sample Submission Form for FMD

Farmer's Name : Latitude: Longitude:
Address: State: District: Metropolitan/Sub-Metropolitan/Municipality/Rural Municipality:
Ward: Place: Farm/Household/Market
Population at Risk

Animal in Farm				Sick animals			Dead Animals			Remarks
	Young	Adult	Total	Young	Adult	Total	Young	Adult	Total	
Cattle										
Buffalo										
Goat										
Sheep										
Pigs										

Population Sampled

Animal ID	Species	Age	Vaccination Date	FMD Lesions? Y/N	Age of Lesions(days)	Temp	SampleID (to be written on tube)	Natureof sample (blood,vesicular fluid,epitheliu m)	Comments

Clinical Historhy:

*** Young animal if less than 1 year old**

**** Coding with date of sample collection and Coding as per Metropolitan/Sub-Metropolitan/Municipality/Rural Municipality coding Guidelines.**

Collected by : **Approved by:**

Date: **Date:**

२०८३।०६।१३

अनुसूची-६

(दफा ७ उपदफा १ (७३ र ७५) सँग सम्बन्धित)

भ्याक्सिनेटर परिचालन र पशुपन्छीजन्य संक्रामक र महामरीजन्य रोग नियन्त्रण अभियान

खोरेत रोग परीक्षणको लागि नमुना संकलन

रोग देखा परेको अवस्थामा:

- मुखमा भएको पानी फोकाको पाप्रा(इपिथेलियम)
- मुखमा भएको पानी फोका भित्रको पानी
- रगत(सिरम)
- रोग देखा परेको ७ दिन पछि रोग यकिन गर्नको लागि रगत (सिरम)

२०८३/०६/१३

महाशाखा प्रमुख

२०८३/०६/१३

प्रदेश सचिव

अनुसूची-७

(दफा ७ उपदफा १ (७६) सँग सम्बन्धित)

खोप कार्यक्रम गर्न आवश्यक सामग्रीहरू

१.कटन
२.गज
३.सिरिन्ज र निडिल,अटोमेटिक सिरिञ, थर्मोमिटर
४. स्प्रिट
५. कुल बक्स/ आईस
६.स्टेशनरीका सामग्रीहरू
७.खोप लगाइसकेको पशु पहिचान गर्ने सामग्री
८.खोप विवरण र खोप सारांस विवरण फारामहरू
९. ग्लोब्स, गमबुट, टर्च लाईट, एप्रोन, मास्क, साबुन, झोला, तौलिया आदी।

सर्भिलेन्स कार्यक्रम गर्न आवश्यक सामग्रीहरू

१.कटन
२.गज
३.सिरिन्ज र निडिल, थर्मोमिटर
४. भ्याकुटेनर, भ्याकुटेनर निडिल, EDTA Tube, Serum Tube, Serum Vial, आदि।
५. Microtube stand, Micro pipette, Titre Plate, Test tube Stand, आदि।
६. स्प्रिट
७. कुल बक्स/ आईस
८.स्टेशनरीका सामग्रीहरू
९.खोप विवरण र खोप सारांश विवरण फारामहरू
१०. ग्लोब्स, गमबुट, टर्च लाईट, एप्रोन, मास्क, साबुन, झोला, तौलिया आदि।

२०८३।०६।१३

२०८३।०६।१३

२०८३।०६।१३

महाशाखा प्रमुख

प्रदेश सचिव

अनुसूची-८

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

भेटेरिनरी निरीक्षकले पहिलो पटक भेटेरिनरी औषधी पसल निरीक्षणको फाराम

१. औषधी पसलको नाम र ठेगाना:

२. औषधी पसलको नाम (बोर्डमा लेखेको) इजाजतपत्रको नाम मिले/नमिलेको:

३. दर्ता भएको कार्यालयको नाम:

इजाजतपत्र दर्ता नम्बर र मिति: म्याद समाप्त हुने मिति:

४. औषधी पसल धनीको नाम, थर:

५. धनीको शैक्षिक योग्यता: औषधी बिक्री सम्बन्धी तालिम:

६. औषधी बिक्री गर्न सहयोग गर्नेको:

नाम/थर: शैक्षिक योग्यता: तालिम:

७. विषादि र भेटेरिनरी औषधी एउटै पसलमा राखे/ नराखेको:

८. म्याद नाघेको औषधी बिक्री कक्ष भित्र राखे/नराखेको:

९. म्याद नाघेको औषधी पाईएको भए के के भेटिएको? त्यसको नाम र उत्पादकको नाम, ठेगाना:

१०. पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्ति बाट मात्र पसल दर्ता भएको पसल बाट बिक्री वितरण गरे/नगरेको:

११. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भए/नभएको

१२. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भेटिएको भए के के भेटिएको? तिनीहरूको नाम, कम्पोजिसन, परिमाण र उत्पादकको नाम, ठेगाना:

१३. म्याद नाघेको औषधी अलग राख्ने तरिका बारे जानकारी भए / नभएको:

१४. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखी Settlement को लागि कारवाही गरेको प्रमाण भए/नभएको:

१५. औषधी पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे/नराखेको:

१६. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप, जैविक पदार्थ कसरी राखेको छ?

१७. रेफ्रिजेरेटर सञ्चालन समय:

१८. जेनरेटर भए वा अन्य विद्युत आपुर्ति व्यवस्थापन भए/नभएको (भएको अवस्थामा विवरण उल्लेख)

१९. म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे/नभेटेको:

२०. म्याद नाघेकोऔषधी,खोप वा जैविक पदार्थ भेटीएको भए सो को लागि गरीएको कारवाही:

२१. निरीक्षणको क्रममा पसल धनी/बिक्री कर्ता लाई दिएको सुझावहरु:

२२. भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको

नाम थर:

दस्तखत: मिति

२०८३/०६/१९

२०८३/०६/१९

२०८३/०६/१९

प्रदेश सचिव

सभाध्यक्ष
२०८३/०६/१९
सभा, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-९

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

२०८३।०६।१३

मन्त्री

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

एकपटक निरीक्षण गरी सकेको भेटेरिनरी औषधी पसल निरीक्षणको फाराम

१. औषधी पसलको नाम र ठेगाना:

२. दर्ता भएको कार्यालयको नाम:

३. इजाजत पत्र दर्ता नम्बर र मिति

४. दर्ता मिति:

५. म्याद समाप्त हुने मिति:

६. पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट बिक्री वितरण गरे/नगरेको:

७. विषादि र भेटेरिनरी औषधी एउटै पसलमा राखे/नराखेको:

८. म्याद नाघेको औषधी बिक्री कक्ष भित्र राखे/नराखेको:

९. म्याद नाघेको औषधी पाईएको भए सोको नाम र उत्पादकको नाम, ठेगाना:

१०. नियमानुसार दर्ता नभएको औषधी पसलमा भए/नभएको:

११. नियमानुसार दर्ता नभएको औषधी पसलमा भेटिएमा सोको नाम र उत्पादकको नाम, ठेगाना:

१२. म्याद नाघेको औषधी अलग राख्नेतरिका बारे जानकारी भए /नभएको

१३. यसबारे जानकारी भएमा सही तरिकाबाट राखी नष्ट गर्न कारवाही गरेको प्रमाण:

१४. औषधी पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे/नराखेको

१५. यदि खोप वा जैविक पदार्थ राखेको भए केके खोप वा जैविक पदार्थ कसरी राखेको छ?

१६. रेफ्रिजेरेटर सञ्चालन समय:

१७.जेनरेटर भए वा अन्य विद्युत आपूर्ति व्यवस्थापन भए नभएको (भएको विवरण उल्लेख गर्ने)

१८. म्याद नाघेको खोप, जैविक पदार्थ भेटे/नभेटेको: (भेटिएको विवरण उल्लेख गर्ने)

१९. म्याद नाघेको औषधी, खोप वा जैविक पदार्थ भेटीएको भए सोको लागि गरीएको कारवाही:

२०. निरीक्षणको क्रममा पसल धनी/बिक्री कर्तालाई दिएको सुझावहरु:

२१. भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरीनिरीक्षकको

नाम थर:

२०८३।०६।१३

मितिः

२०८३।०६।१३

२०८३।०६।१३

प्रदेश सचिव

महाशाखा प्रमुख

अनुसूची -१०

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

<u>व्यावसायिक माउ (Parent) पोल्ट्री ब्रिडिङ्ग फार्म र ह्याचरी निरीक्षणको फाराम</u>

१. फार्मको नाम र ठेगाना:

२. स्थापना मिति:

३. फर्मधनीको नाम र ठेगाना:

४. फार्मको क्षमता(वर्ग फिट):प्रयोग भएको खाली

५. पोल्ट्रीको जात:

६. आयात गरेको विवरण: भाले संख्या:पोथी संख्या:आयात गरेको देशको नाम:

आयात गरेको फार्मको नाम र ठेगाना:

7. हालको पोल्ट्री विवरण:

उमेर भाले पोथी

कुल प्रति हप्ता अण्डा उत्पादन:

क) ०-८ हप्ताको

ख) ९-२० हप्ताको

ग) २१-४८ हप्ताको

घ) ४९-७२ हप्ताको

८. प्रति हप्ता चल्ला उत्पादन संख्या:

९. चल्ला मृत्युदर %

१०. खोप तालिका भए / नभएको

११. कुन कुन खोप लगाएको (रेकर्ड बाट नोट गर्ने)

१२. कुल अण्डा उत्पादन र वर्ष:

१३. इन्कुवेटरको क्षमता:

१४. वार्षिक अण्डा सेटिङ संख्या:

१५. प्रजनन प्रतिशत (Fertility %)

१६. ह्याचिबिलिटी (चल्लाउत्पादन) %

१७. ह्याचरीको क्षमता:

१८. जैविक सुरक्षा सम्बन्धि व्यवस्था

क) बारबन्देज, गेटभए/नभएको

ख) बाहिरी जनावर, चरापंछी भित्र पस्न बाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा नि:संक्रमण व्यवस्था गर्ने भए/नभएको

घ) नि:संक्रमण तालिका भए/नभएको

ङ) फाहोर फयाक्ने ढल र मरेको चल्ला गाड्ने व्यवस्था भए/नभएको

च) नि:संक्रमण गर्ने तरिका

छ) आगन्तुक र कर्मचारीहरूको सरसफाई व्यवस्था

२०८३/०६/१२ मन्त्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८३/०६/१२

२०८३/०६/१२

२०८३/०६/१२ प्रदेश सचिव

१९. ह्याचिङ अण्डाको स्वस्थता र ढुवानीको व्यवस्था
रामो / सन्तोषजनक /वेठिक

२०. दाना भण्डारण व्यवस्था रामो / ठीकै/नरामो

२१. खोप तथा औषधीको भण्डारण सम्बन्धि व्यवस्था

२२. रोग सम्बन्धि विवरण

क) निरीक्षणको समयमा रोगी र शंकास्पद पोल्ट्रीको संख्या:

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए/नभएको

ग) रोगी पोल्ट्री छुट्याई राखे व्यवस्था भए/नभएको

घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको
भएको भए अद्यावधिक रेकर्ड राखिएको/नराखिएको

ङ) प्रचलित मापदण्ड बमोजिम नमूना संकलन गरे/नगरेको

च) संकलित नमूनाहरू कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको

२३. भेटेरिनरी निरीक्षकको टिप्पणी

भेटेरिनरी निरीक्षकको

नामथर:

मितिः २०८३।०६।१३

महाशाखा प्रमुख

२०८३।०६।१३

प्रदेश सचिव

२०८३।०६।१३

मन्त्री

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-११

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

ब्रोइलर पोल्ट्री फार्म निरीक्षणको फाराम

१. फार्मको नाम र ठेगाना: २. स्थापना मिति: ३. फर्म धनीको नाम र ठेगाना:

४. फार्मकोक्षमता(वर्गफिट):

५. पोल्ट्रीको जात: ६. चल्ला किनेको फार्मको नाम:

७. बथानको विवरण संख्या: ०-४हप्ताको: ५-८ हप्ताको:

८. चल्लाको मृत्युदर %

९. कुन कुन रोग विरुद्ध खोप लगाएको (रेकर्ड अनुसार नोट गर्ने)

१०. सरदर बिक्री गर्ने तौल (के.जि.) ११. सरदर बिक्री गर्ने उमेर (हप्तामा)

१२. जैविक सुरक्षा सम्बन्धि व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको

ख) बाहिरी जनावर, चरा पंछी भित्र पस्न बाट रोक्ने व्यवस्था भए र नभएको

ग) गेटमा खुट्टा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) निःसंक्रमण तालिका भए/ नभएको

ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाड्ने व्यवस्था भए/नभएको

च) निःसंक्रमण गर्ने तरिका:

छ) आगन्तुक र कर्मचारीहरूको सरसफाई व्यवस्था

१३. दाना भण्डारण व्यवस्था: राम्रो/ ठीकै/नराम्रो

१४ खोप तथा औषधीको भण्डारण सम्बन्धी व्यवस्था:

१५. रोग सम्बन्धि विवरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पोल्ट्रीको संख्या:

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य संक्रामक रोगको शंका भए /नभएको

ग) रोगी पोल्ट्री छुट्याई राखे व्यवस्था भए / नभएको

घ) पोल्ट्री ब्रिडिड फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए /नभएको, भएको भए अद्यावधिक रेकर्ड राखिएको/नराखिएको

ङ) प्रचलित मापदण्ड बमोजिम नमूना संकलन गरे / नगरेको

च) संकलित नमूनाहरू कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको

१६. भेटेरिनरी निरीक्षकको टिप्पणी

नामथर दस्तखत: मिति:

२०८३/०६/१३

महाशाखा प्रमुख

२०८३/०६/१३

प्रदेश सचिव

अनुसूची-१२

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

व्यावसायिक लेयर्स पोल्ट्री फार्म निरीक्षण फाराम

१. फार्मको नाम र ठेगाना: २. स्थापना मिति:

३. फर्मधनीको नाम र ठेगाना:

४. फार्मको क्षमता(वर्गफिट): ५. पोल्ट्रीको जात:

६. चल्ला किनेको फार्मको नाम:

7. हालको पोल्ट्री विवरण: उमेर भाले पोथी

कुल प्रति हप्ता अण्डा उत्पादन

८. चल्ला मृत्युदर %

९. कुन कुन रोग विरुद्द खोप लगाएको (रेकर्ड अनुसार नोट गर्ने)

१०. खोप तालिका भए र नभएको.....

११ कुल अण्डा उत्पादन र वर्ष.....

१२. जैविक सुरक्षा सम्बन्धि व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको

ख) बाहिरी जनावर, चरापंछी भित्र पस्न बाट रोक्ने व्यवस्था भए / नभएको

ग) गेटमा खुट्टा सफा नि:संक्रमण गर्ने व्यवस्था भए /नभएको

घ) नि:संक्रमण तालिका भए/नभएको

ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाडने व्यवस्था भए / नभएको

च) नि:संक्रमण गर्ने तरिका:

छ) आगन्तुक र कर्मचारीहरूको सरसफाई व्यवस्था

१३. दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो

१४ खोप तथा औषधीको भण्डारण सवन्धी व्यवस्था

१५. रोग सम्बन्धि विवरण

क) निरीक्षणको समयमा रोगी शंकास्पद पोल्ट्रीको संख्या

ख) एभिएन इन्फ्लुएन्जा वा अन्य कुनै संक्रामक रोगको शंका भए / नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए /नभएको

घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए /नभएको, भएको भए अद्यावधिक रेकर्ड राखिएको /नराखिएको

ङ) प्रचलित मापदण्ड बमोजिम नमूना संकलन गरे / नगरेको

च) संकलित नमूनाहरू कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए / नभएको

१६. भेटेरिनरी निरीक्षकको टिप्पणी

भेटेरिनरी निरीक्षकको नामथर.....

दस्तखत: मिति:

अनुसूची १३

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

व्यावसायिक बङ्गुर फार्म निरीक्षण फाराम

१. फार्मको नाम र ठेगाना:

२. स्थापना मिति:

३. फर्मधनीको नाम र ठेगाना:

४. बङ्गुरको जात:

५. जैविक सुरक्षा सम्बन्धि व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको

ख) बाहिरी जनावर, चरा पंछी भित्र पस्नबाट रोक्ने व्यवस्था भए / नभएको

ग)गेटमा खुट्टा सफा नि:संक्रमण गर्ने व्यवस्था भए / नभएको

घ) नि:संक्रमण तालिका भए / नभएको

ङ) फाहोर फ्याक्ने ढलर मरेको बङ्गुर गाड्ने व्यवस्था भए / नभएको

च) नि:संक्रमण गर्ने तरिका:

छ) आगन्तुक र कर्मचारीहरूको सरसफाई व्यवस्था

६. रोग सम्बन्धि विवरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्या: ख) स्वाइन फिभर खोरेत रोगको शंका भए / नभएको

ग) रोगीलाई छुट्याई राख्ने व्यवस्था भए / नभएको घ) नमूना संकलन गरे / नगरेको

च) संकलित नमूनाहरू कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको छ) फार्ममा प्राइभेट पशुचिकित्सक भए / नभएको

७. प्रजननको लागि पालिएका बङ्गुर संख्या (वर्षको शुरुमा र वर्षको अन्त्यको Herd Composition)

क) माउ संख्या:..... ख) भूनी संख्या:..... ग) भाले संख्या:.....

घ) पाठापाठी संख्या:.....

८. भैरहेका पूर्वाधारहरूमा बङ्गुर राख्न सकिने संख्या:

क) माउ संख्या:..... ख) भूनी संख्या:..... ग) भाले संख्या:..... घ) पाठापाठी संख्या: .....

९. प्रति माउ प्रति वर्ष व्याउने पटक (Litter Index):

१०. प्रति वेतमा जिवित र मृतजन्मेका पाठा पाठी संख्या:

११. जन्मेका पाठापाठीको औषत तौल (के. जी.):

१२ प्रथम पटक बाली लाग्ने उमेर (दिनमा) तौल (के.जी.)

१३ बाली गए पछि उल्टने प्रतिशत:.....

१४ खोप तथा औषधीको भण्डारण सम्बन्धि व्यवस्था

१५. प्रतिरोधात्मक र उपचारको कार्यतालिका भए /नभएको:

१६. भेटेरिनरी निरीक्षकको टिप्पणी

भेटेरिनरी निरीक्षकको

नामथर

मिति:

२०८३।०६।१९३

८२

२०८३।०६।१९२

२०८३।०६।१९२

२०८३।०६।१९२

मन्त्री

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव

अनुसूची-१४

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

व्यवसायिक गाई/भैसी पालन फार्म तथा स्रोत केन्द्र निरीक्षण फाराम

१. फार्मको नाम र ठेगाना:

२. स्थापना मिति:

३. संचालकको नाम र ठेगाना:

सम्पर्क न:

४. गाई भैसीको जात:

५. जैविक सुरक्षा संबन्धी व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको

ख) बाहिरी जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए / नभएको

ग)गेटमा खुट्टा सफा नि:संक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) नि:संक्रमण तालिका भए/नभएको

ङ) फाहोर फ्याक्ने ढलर मरेको पाडापाडी गाडने व्यवस्था भए / नभएको

च) नि:संक्रमण गर्ने तरिका:

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

६. रोग सम्बन्धी बिबरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्या:

ख) खोरेत रोगको शंका भए/नभएको

ग) रोगीलाई छुटपाई राख्ने व्यवस्था भए/नभएको

घ) नमूना संकलन गरे / नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

छ) फार्ममा प्राइभेट पशु प्राविधिक वा चिकित्सक भए/नभएको

७. दुध उत्पादनको लागि पालिएका गाई/भैसी संख्या (वर्षको शुरुमा र वर्षको अन्त्यको Herd Composition)

क) माउ संख्या:..... ख) पाडापाडी र बाच्छाबाच्छी संख्या:..... ग) राँगो तथा साढे संख्या:.....

८. भैरहेका पूर्वाधारहरुमा गाई/भैसी राख्न सकिने संख्या:

क) माउसंख्या:..... ख) पाडापाडी र बाच्छाबाच्छी संख्या:..... ग) राँगो तथा साढे संख्या:.....

९. प्रति माउ प्रति वर्ष दुध उत्पादन लिटर: जम्मा दैनिक दुध उत्पादन लिटर:

१०. बाली गए पछि उल्टने प्रतिशत:.....

११ प्राकृतिक तथा कृत्रिम गर्भाधानको विवरण:

१२ खोप तथा औषधिको भण्डारण संबन्धी व्यवस्था

१३. प्रतिरोधात्मक र उपचारको कार्यतालिका भए /नभएको:

१६. निरीक्षणमा दिइएको सुझाव

निरीक्षणमा खटिएका कर्मचारी

नामथर वस्तखत: मिति:

८३

अनुसूची-१५

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

व्यवसायिक भेडा/बाख्रा पालन फार्म तथा स्रोत केन्द्र निरीक्षण फाराम

१. फार्म/स्रोत केन्द्रको नाम र ठेगाना: 2. स्थापना मिति:

३. संचालकको नाम र ठेगाना: सम्पर्क नः

४. भेडा/बाख्राको जातः

५. जैविक सुरक्षा संबन्धी व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको

ख) बाहिरी जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए / नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) निःसंक्रमण तालिका भए/नभएको

ङ) फाहोर फ्याक्ने ढल र मरेको पशु गाड्ने व्यवस्था भए / नभएको

च) निःसंक्रमण गर्ने तरिका:

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

६. रोग सम्बन्धी विवरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्या:

ख) पि.पि.आर लगायतका रोगको शंका भए/नभएको

ग) रोगीलाई छुट्टाई राख्ने व्यवस्था भए/नभएको

घ) नमूना संकलन गरे/नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको

छ) फार्ममा प्राइभेट पशु प्राविधिक वा चिकित्सक भए/नभएको

७. पालिएका भेडा/बाख्राको संख्या (वर्षको शुरुमा र वर्षको अन्त्यको Herd Composition)

क) माउ संख्या:..... ख) पाठापाठी संख्या:..... ग) धुमा/बोका संख्या:.....

८. भैरहेका पूर्वाधारहरुमा भेडा/बाख्रा राख्न सकिने संख्या:

क) माउ संख्या:..... ख) पाठापाठी संख्या:..... ग) धुमा/बोका संख्या:.....

९. बिक्रि योग्य प्रति बोका/खसीको जिवित तौल :

१०. बाली गए पछि उल्टने प्रतिशत:.....

11. आहाराको व्यवस्थापन:

क) आफ्नो खेतबारीबाट क्षेत्रफल..... ख) भाडामा तथा करारमा लिइ खेति गरिएको क्षेत्रफल.....

१२. प्राकृतिक तथा कृत्रिम गर्भाधानको विवरण:

१३. खोप तथा औषधिको भण्डारण संबन्धी व्यवस्था

१४. प्रतिरोधात्मक र उपचारको कार्यतालिका भए /नभएको:

१५. निरीक्षणमा दिइएको सुझाव

निरीक्षणमा खटिएको कर्मचारीको नामथर दस्तखत: मिति:

अनुसूची-१६

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

व्यवसायिक मत्स्य पालन फार्म निरीक्षण फाराम

१. फार्मको नाम:

२. स्थापना मिति: सम्पर्क न:

३. संचालकको नाम: ठेगाना: जिल्ला: पालिका: वडा नं .

४. उत्पादन पोखरीको संख्या: जलाशय क्षेत्रफल: ..... हे.

५. भुरा स्टकीङ्ग नर्सरी संख्या: जलाशय क्षेत्रफल: .....हे.

६. पानीको स्रोत: क. बोरिङ्ग ख. सिचाई नहर/कुलो ग.आकाशे पानी

७. भुरा खरिद: १ सरकारी मत्स्य फर्म २. निजी मत्स्य हयाचरी फर्म ३. निजी मत्स्य नर्सरी

८. भुराको नश्ल: क. शुद्ध नरल ख. मिक्स ग. अन्य,

९. पालन गरेको माछाको जात: क. सिल्भर कार्प ख. विगहेड कार्प ग. ग्रास कार्प घ. रहु ङ. नैनी च. कमन कार्प छ. भाकुर च. टिलापिया छ. पाङ्गास ज. अन्य,

१०. माछाको स्टकिङ्ग संख्या: ...../कट्ठा

११. पालन पद्धति: क. मिक्स कार्प ख. पाङ्गास ग. कार्प र पाङ्गास घ. कार्प र टिलापिया ङ. टिलापिया र पाङ्गास

१२. दानाको प्रयोग: क. उम्रिने पेलेट ख. डुब्ने पेलेट ग. पेलेट मेशिनमा आफैले बनाएको घ. ब्रान, पिना, मकै, भटमास अन्य..... मिसाई बनाईएको घरेलु

१३. दाना दिने पद्धति: क.फिडिङ्ग ट्रे ख. अटोमेटिक फिडिङ्ग मेशिन ग. पोखरीममा फाल्ने

१४. माछा बिक्रि: क. होल्डिङ्ग टयाङ्ग ख. हापा ग. अन्य,

१५. उत्पादन विवरण: क. मासिक: ..... मे.ट. ख. अर्ध वार्षिक:.....मे.ट. ग. वार्षिक:..... मे.ट. १६. बजारीकरण:

१७. बिक्रि मूल्य: क. थोक: १.सिल्भर/विगहेड:...../के.जी. २. मिक्स:..... के.जी.
ख. खुद्रा: १.सिल्भर/विगहेड:...../के.जी. २. मिक्स:..... के.जी.

१८.माछाको वृद्धि विकास चेकजाँच: छ / छैन

१९. पानीको गुणस्तर चेकजाँच: क.गरेको/नगरेको ख. गरेको: पि.एच./अक्सिजन/ ऐमोनिया/अन्य

२०. रोग विवरण: २१. औषधिको प्रयोग:

२२. प्राविधिक सल्लासुझाव: क. लिने गरेको/नगरेको ख.गरेको: सरकारी प्राविधिक/निजी २३. अभिलेखिकरण: छ/छैन २४. जैविक सुरक्षा सम्बन्धि व्यवस्था

क) बार बन्देज, गेट भए / नभएको ख) बाहिरी जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए / नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) बाह्य परिजिवि नियन्त्रण: माहाजालको लागि डिपिङ्ग टपाङ्ग भएको/ नभएको

ङ) मरेको माछा गाड्ने व्यवस्था भए / नभएको च) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

२५. निरीक्षणमा दिइएको सुझाव

निरीक्षणमा खटिएको कर्मचारीको नामथर दस्तखत: मिति:

२०८३।०६।१३

८५

२०८३।०६।१३

२०८३।०६।१३

अनुसूची १७

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

मत्स्य भुरा स्रोत केन्द्र निरीक्षण फाराम (ह्याचरी/नर्सरी)

१. फार्मको नाम:

२. स्थापना मिति: सम्पर्क न:

३. संचालकको नाम:

ठेगाना: जिल्ला: पालिका: वडा नं.

४. माउ पोखरीको संख्या: जलाशय क्षेत्रफल: ..... हे.

५. भुरा स्टकीङ्ग नर्सरीको संख्या: जलाशय क्षेत्रफल: .....हे.

६. रेयरिङ्ग पोखरीको संख्या: जलाशय क्षेत्रफल:.....हे.

७. स्पनीङ्ग ट्याङ्क संख्या:

८. ईन्कुबेसन ट्याङ्क संख्या:

९. कन्डिसिनिङ्ग ट्याङ्क संख्या:

१०. ओभरहेड ट्याङ्क क्षमता: ..... लि.

११. पानीको स्रोत: क. बोरिङ्ग ख. सिचाई नहर/कुलो

१२.माउ माछा: क. शुद्ध नश्ल ख. पुरानो माउ

१३. माउ माछाको जात: क. सिल्भर कार्प ख. बिगहेड कार्प ग. ग्रास कार्प घ. रहु ङ. नैनी च. कमन कार्प छ. पाङ्गास घ. टिलापिया छ. अन्य

१४. माउ माछा: क. पोथी संख्या:..... , के.जी..... ख. भाले संख्या:..... , के.जी.....

१५. माउ माछा स्टकिङ्ग: ...../कट्ठा

१६. ब्रिडिङ्ग हर्मोन:.....

१७. भुरा उत्पादन लाखमा क. ह्याचलिङ्ग:..... ख. फ्राई:.....

ग. फिङ्गरलिङ्ग:..... घ.ईयरलिङ्ग:.....

१८. माउ माछामा दानाको प्रयोग: क. उविने पेलेट ख. डुब्ने पेलेट ग. पेलेट मेशिनमा आफैले बनाएको घ. ब्रान, पिना, मकै, भटमास अन्य.....मिसाई बनाईएको घरेलु

१९. दाना दिने पद्धति: क.फिडिङ्ग ट्रे ख. अटोमेटिक फिडिङ्ग मेशिन ग. पोखरीममा फाल्ने

१६. बजारीकरण:

१७. बिक्रि मूल्य ह्याचलिङ लाखमा

क.सिल्भर/बिगहेड:..... ख.रहु..... ग.नैनी..... घ.ग्रास..... ङ.कमन..... च. भाकुर च. अन्य,

१८. बिक्रि मूल्य फ्राई गोटा

क.सिल्भर/बिगहेड:..... ख.रहु..... ग.नैनी..... घ.ग्रास..... ङ.कमन..... च. भाकुर च. अन्य,

१९. बिक्रि मूल्य फिङ्गरलिङ गोटा

क.सिल्भर/बिगहेड:..... ख.रहु..... ग.नैनी..... घ.ग्रास..... ङ.कमन.....

च. भाकुर च. अन्य

२०. विकि मूल्य इयरलिङ गोटा

क.सिल्भर/विगहेड:..... ख.रहु..... ग.नैनी..... घ.ग्रास..... ङ.कमन.....

च. भाकुर च. अन्य

२१.वृद्धि विकास चेकजाँच: छ / छैन

२२. पानीको गुणस्तर चेकजाँच: क.गरेको/नगरेको ख. गरेको: पि.एच./अक्सिजन/ ऐमोनिया/अन्य

२३. रोग विवरण:

२४. औषधिको प्रयोग:

२५. प्राविधिक सल्लासुझाव: क. लिने गरेको/नगरेको ख.गरेको: सरकारी प्राविधिक/निजी

२६. अभिलेखिकरण: छ/छैन

२७. जैविक सुरक्षा सम्वन्धि व्यवस्था

क) बार बन्देज, गेट भए/नभएको

ख) बाहिरी जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए/नभएको

घ) बाह्य परिजिवि नियन्त्रण: माहाजालको लागि डिपिङ्ग टयाङ्ग भएको/ नभएको

ङ) मरेको माछा गाडने व्यवस्था भए/नभएको

च) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

२५. निरीक्षणमा दिइएको सुझाव

निरीक्षणमा खटिएको कर्मचारीको

नामथर

दस्तखत:

मिति:

2023/06/19

2023/06/19

2023/06/19

महाशाखा प्रमुख

प्रदेश सचिव

अनुसूची-१८

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

मासु पसल अनुगमन तथा निरीक्षण फाराम

१. मासु पसलको नामः

२. ठेगानाः

३. संचालकको नाम र सम्पर्क नं

४. मासु पसलको काउन्टर वा मासु बिक्री गर्ने ठाँउ सिसा र जाली लगाएको छ/छैन।

५. मासु पसलको भित्ता पछी खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल कम्तीमा ६ फिट उचाईसम्म लगाएको छ/छैन।

६. पशु वध गर्ने स्थानमा बाहिरबाट कुनै जनावर, कीरा, फटयाइग्रा र चराचुरुङ्गी पस्न नसक्ने व्यवस्था मिलाईएको छ/छैन।

७. वध गर्ने साना जनावर) खसि, बोका (लाई झुण्डाएर छाला काढ्ने सुविधा भएको/नभएको।

८. मासु सफा गर्न पिउन योग्य पानीको प्रयोग गर्ने व्यवस्था भएको/नभएको।

९. मासु पसलमा धुलो नझर्ने तथा पानी नचुहिने गरि छानाको निर्माण भएको/नभएको।

१०. मासु काट्नको निम्ती प्रयोग गरिने अचानो काठको टुक्रा ननिस्कने विशेष खालको भएको/नभएको।

११. मासु झुण्डाउदा भूई, छाना, भित्ता, खम्बा आदि ठाँउमा नछोईने किसिमको भएको/नभएको।

१२. मासुको आकर्षण बढाउन कुनै प्रकारको रंग, रसायन वा औषधीको प्रयोग भएको/नभएको।

१३. छ।मासु तौलने ढक तराजुहरू गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित भएको/नभएको।

१४. मासु तौलने ढक तराजुहरू अन्य वस्तु वा भूइमा लसपस नहुने गरि राखेको /नराखेको।

१५. प्रयोग नभएको अवस्थामा अचानो वा टेबुल सफा रहने गरि छोपेर राख्ने गरेको/नगरेको।

१६. पर्नेछ।वध गरिएको पशुको झुण्डाई मासु बेच्दा अन्तिम समय सम्म भाले वा पोथीको अंग स्पष्ट देखिने गरि राख्ने गरेको /नगरेको।

१७. मासु राख्नको लागि डिप फ्रिजको व्यवस्था भएको/नभएको।

१८. पशु वध गर्दा निस्कने फोहोर मैला वातावरणलाई असर नगर्ने गरी सुरक्षित रुपले व्यवस्थापन भएको/नभएको।

१९. पशु वध गर्ने हतियार, झुण्डाउन प्रयोग गरिने हुक र अन्य औजार र उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको भएको/नभएको।

२०. मासु बिक्री गर्ने काउन्टरमा स्पष्ट देखिने गरि आफुले बिक्री गर्ने मासुको मुल्य र मासु बिक्री गर्ने पशुपन्छीको प्रकार टाँस गरि राखे/नराखेको।

२१. निरीक्षणमा दिइएको टिप्पणी

निरीक्षणमा खटिएको कर्मचारीको
नाम थर
दस्तखतः
मितिः

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

डेरी पसल अनुगमन तथा निरीक्षण फाराम

१. डेरी पसलको नाम:

२. ठेगाना:

३. संचालकको नाम र सम्पर्क नं

४. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको/नलगाएको।

५. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल/मार्बल

६. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको/नबनाएको।

७. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रबन्ध मिलाएको/नमिलाएको।

८. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको भएको/नभएको।

९. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क, क्याप, ग्लोब्स आदि) भएको/नभएको।

१०. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको/ नलगाएको।

११. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँस गरेको/नगरेको।

१२. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग भएको/नभएको।

१३. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन भएको/नभएको।

१४. निरीक्षणमा दिइएको टिप्पणी

निरीक्षणमा खटिएको कर्मचारीको
नाम थर
दस्तखत:
मिति:

२०८३/०६/१३

२०८३/०६/१३

२०८३/०६/१३

अनुसूची-२०

(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

मासु पसल सुधारको लागि आवश्यक मापदण्ड

१. यस कार्यक्रम अन्तर्गत छनोट हुने मासु पसल स्थानीय तह वा सरकारी निकायमा आधिकारिक दर्ता र नियमित नवीकरण हुनु पर्नेछ।

२. हरेक मासु पसलको काउन्टर वा मासु बिक्री गर्ने ठाँउ सिसा र जाली लगाएको हुनु पर्नेछ।

३. मासु पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल कम्तीमा ६ फिट उचाईसम्म लगाएको हुनु पर्नेछ।

४. पशु वध गर्ने स्थानको भूई सजिलै सँग सफा गर्न सकिने, पानी नजम्ने र नसोस्ने किसिमले टायल र मार्वल लगाई निर्माण गरिको हुनु पर्नेछ।

५. पशु वध गर्ने स्थानमा बाहिरबाट कुनै जनावर, कीरा, फटपाइग्रा र चराचुरुङ्गी पस्न नसक्ने व्यवस्था मिलाईएको हुनु पर्नेछ।

६. वध गर्ने साना जनावर (खसि, बोका) लाई झुण्डाएर छाला काढ्ने सुविधा भएको हुनु पर्नेछ।

७. मासु सफा गर्न पिउन योग्य पानीको प्रयोग गर्ने व्यवस्था हुनु पर्ने र कम्तीमा २०० लिटर सम्म सफा पानी राख्ने सुविधा भएको हुनु पर्नेछ।

८. मासु पसलमा धुलो नझर्ने तथा पानी नचुहिने गरि छानाको निर्माण भएको हुनु पर्नेछ।

९. मासु राख्ने टेबुल जमिन भन्दा कम्तीमा एक मिटरको उचाई भएको स्टेनलेस स्टिलको हुनु पर्नेछ (इनामेल लगाएको तथा अल्मुनियम टेबल प्रयोग गर्ने पाइने छैन)।

१०. मासु काट्नको निम्ती प्रयोग गरिने अचानो काठको टुक्रा ननिस्कने विशेष खालको हुनु पर्नेछ (कुसुम वा इमिलीको हुनुपर्ने)।

११. मासु झुण्डाउदा भूई, छाना, भित्ता, खम्बा आदी ठाँउमा नछोईने किसिमको हुनु पर्नेछ।

१२. मासुको आकर्षण बढाउन कुनै प्रकारको रंग, रसायन वा औषधीको प्रयोग गर्न पाईने छैन। खसि, बोका, रांगो र भैंसीको मासु छाला हटाई बेच्नु पर्नेछ।

१३. मासुमा पानी छर्कन, डुबाउन वा पानीमा भिजाईएको कपडाले छोप्न पाईने छैन।

१४. मासु तौलने ढक तराजुहरू अन्य वस्तु वा भूइमा लसपस नहुने गरी राख्नु पर्नेछ र सफा हुनुपर्ने छ। मासु तौलने ढक तराजुहरू गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित भएको हुनुपर्नेछ।

१५. प्रयोग नभएको अवस्थामा अचानो वा टेबुल सफा रहने गरि छोपेर राख्नु पर्ने छ। वध गरिएको पशुको भित्रयौस, टाउको, रगत जस्ता भाग मासु पसलमा राखि बिक्री गर्न चाहेमा मासु सँग लसपस नहुने गरि अलग्गै राखि बिक्री गर्नु पर्नेछ।

१६. मासु काट्दा टुक्रिएको आधा किलो देखि एक किलो मासु बाहेक अन्य मासु झुण्डाएको भागबाट मात्र बिक्री गर्नु पर्नेछ। वध गरिएको पशुको झुण्डाई मासु बेच्दा अन्तीम समय सम्म भाले वा पोथीको अंग स्प्रष्ट देखिने गरि राख्नु पर्नेछ र बिक्रेताले फ्रिजको व्यवस्था गर्नु पर्ने छ।

१७. पशु वध गर्दा निस्कने फोहोर मैला वातावरणलाई असर नगर्ने गरी सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

१८. पशु वध गर्ने हतियार, झुण्डाउन प्रयोग गरिने हुक र अन्य औजार र उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

२०८३/०६/१९३

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

१९. रौगो बध गर्ने स्थानमा सफा प्लास्टिकको तिरपाल ओछ्याइएको हुनु पर्ने। मासु र मासुजन्य पदार्थ बिक्री वितरण गर्दा २० माइक्रोनभन्दा तलको प्लास्टिक प्रयोग गर्न पाइने छैन र यसरी प्रयोग गर्दा सेतो रङ्गको प्रयोग गर्नुपर्नेछ।

२०. विरामी भएका र तत्काल एण्टीबायोटिक औषधी प्रयोग गरेका पशुपन्छीहरू वध गर्न पाईने छैन। मासु ओसारपसार गर्ने साधन सफा र किटाणुमुक्त साथै लामो दुवानी गर्दा कम तापक्रम हुने साधन कोल्ड चेन हुनुपर्ने छ।

२१. वधशाला भित्र बस्ने र काम गर्ने व्यक्तिले प्रत्येक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाण पत्र राख्नु पर्ने छ। वधशाला भित्र बस्ने र काम गर्ने व्यक्तिले नियमित रूपमा नङ्ग काट्ने र सफासुग्घर हुनु पर्ने छ र सफा एप्रोन र मास्क लगाई काम गर्नु पर्ने छ।

२२. मासु बिक्री गर्ने काउन्टरमा स्पष्ट देखिने गरि आफुले बिक्री गर्ने मासुको मुल्य र मासु बिक्री गर्ने पशुपन्छीको प्रकार टाँस गरि राख्नु पर्नेछ।

२०८३।०६।१३

महाशाखा प्रमुख

२०८३।०६।१३

प्रदेश सचिव

अनुसूची-२१
(दफा ७ उपदफा १ (८२) सँग सम्बन्धित)
पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

डेरी पसल सुधारको लागि आवश्यक मापदण्ड

१. डेरी पसलको हकमा न्यूनतम ७ फिट चौडाई र १० फिट लम्बाई भएको पसल हुनु पर्नेछ।
२. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको हुनु पर्नेछ।
३. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको हुनु पर्नेछ।
४. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल/मार्बल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ।
५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रबन्ध मिलाएको हुनु पर्नेछ।
६. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।
७. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क, क्याप, ग्लोब्स आदि) अवलम्बन गर्नुपर्नेछ।
८. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको हुनु पर्नेछ।
९. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँसिएको हुनुपर्नेछ।
१०. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग गर्न पाइनेछैन।
११. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

२०८३।०६।१३

महाशाखा प्रमुख

२०८३।०६।१३

२०८३।०६।१३

प्रदेश सचिव

अनुसूची-२२

सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति.....

आ. व. २०../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .....कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र (मिति.....गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेबसाईट ..... बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर .....मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.स.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान	आवेदकको किसिम	अनुदानको सीमा
१						
२						
३						
४						

संलग्न गर्नु पर्ने कागजातहरू:

